# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८० | काठमाडौं | आइतबार, २८ असार २०८३ | Prabhab National Daily | Sunday, 12 July 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## तीन दिनमा आत्मदाहका तीन घटना, दुईको मृत्यु



आश्विन राउत



गणेश नेपाली

- आत्मदाह प्रयास गरेका एक जनाको गम्भीर अवस्थामा उपचार जारी
- उपचाररत विवेक मण्डल
- गणेशको आत्मदाह प्रकरणलाई लिएर प्रदर्शन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्ला तीन दिनमा देशका विभिन्न स्थानमा तीनवटा आत्मदाहका घटना भए । बिहीबारदेखि शनिबारसम्म भएका आत्मदाहका घटनामध्ये दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ भने एक युवकको चिन्ताजनक अवस्थामा उपचार भइरहेको छ ।

पछिल्लोपटक शनिबार बिहान काठमाडौंको बुद्धनगरमा आश्विन राउतले आत्मदाहको प्रयास गरे । ४५ वर्षीय उनले घरको भान्सा कोठामा शरीरमा आगो लगाएका थिए । प्रहरीले तत्काल उद्धार गरेर वीर अस्पताल पुऱ्याए पनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । प्रहरीका अनुसार उनको शरीरको ५० प्रतिशतभन्दा बढी भाग जलेको थियो ।

राउत श्रीमती र छोरासहित बुद्धनगरमा बस्दै आएका थिए । उनले आत्मदाह किन गरे भन्ने कारण भने अझै खुल्न सकेको छैन । प्रहरीले भने घटनाको अनुसन्धान थालेको छ ।

शुक्रबार सर्लाहीको गोडैता नगरपालिकामा आत्मदाह प्रयास गरेर विवेक मण्डलको अवस्था चिन्ताजनक रहेको छ । शुक्रबार हेलिकप्टरबाट काठमाडौं ल्याइएका उनको अवस्था चिन्ताजनक रहेको चिकित्सकहरूले बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

सुकुमबासीको बिचल्ली

# राज्यको लाचारीले 'होल्डिङ सेन्टर'मै बिजोग

■ **जेबी योञ्जन**

**काठमाडौं–** तीन महिनाअघि काठमाडौंको विष्णुमती, थापाथली, मनोहरा, गैरीगाउँलगायत नदी किनारका बस्तीबाट डोजर लगाएर हटाइएका सुकुमबासीलाई प्रधानमन्त्री वालेन्द्र शाहको आश्वासन थियो- तपाईंहरूलाई व्यवस्थित ढंगले राखिने छ ।

सुकुमबासीहरूलाई १२ वैशाखदेखि झण्डै एक साता लगाएर काठमाडौंका विभिन्न नदी किनारका बस्तीबाट हटाएका थिए । उनीहरूलाई कीर्तिपुरस्थित राधास्वामी भवसहित विभिन्न स्थानका 'होल्डिङ सेन्टर'मा राखिएको थियो । त्यतिबेला वालेन्द्रले स्टाटसमार्फत भनेका थिए, 'यो अस्थायी व्यवस्थामात्र हो, केही दिनमै दीर्घकालीन समाधान गरिने छ ।'

तर, शनिबार राति परेको लगातार वर्षापछि त्यही सुरक्षित भनिएको होल्डिङ सेन्टर डुबानमा परेपछि विस्थापित परिवार फेरि संकटमा परे । नदी किनारको जोखिमबाट जोगाउन सारिएका उनीहरू यसपटक सुरक्षित भनिएको आश्रयमै पानीबाट भाग्न बाध्य भए ।

पीडितहरूका अनुसार राति करिब १२ बजेदेखि होल्डिङ सेन्टर परिसरमा पानी जम्न थालेको थियो । केहीबेरमै पानी टेण्टभित्र पस्यो । निदाइरहेका बालबालिका, वृद्धवृद्धा र बिरामीलाई हतारहतार बाहिर निकालियो । तर, खाद्यान्न, लत्ताकपडा, ओढ्ने-ओछ्याउने, औषधि, विद्यार्थीका कापी किताब र नागरिकतासहितका कागजात पानीमै डुबे ।



**शुक्रबार राति बाढी पसेपछि कीर्तिपुरको राधा स्वामी 'होल्डिङ सेन्टर'मा डुबेका सुकुम्बासीका टेण्ट ।**
***तस्बिर सौजन्यः** नेपाल फोटो लाइब्रेरी*

होल्डिङ सेन्टरमा बस्दै आएका नवराज विक शनिबार रातिको क्षण सम्झँदा भावुक भए । 'राति हाम्रो बिजोग भयो । एक्कासि पानी पस्यो । बालेनले हामीलाई बाढीबाट जोगाउन यहाँ ल्याएको भन्नुभएको थियो तर उहाँले नै हामीलाई डुबानमा पुऱ्याउनुभयो,' उनले प्रभावसँग भने ।

विकका अनुसार अढाइ महिनाअघि घर भत्काउँदा सरकारले केही दिनमै उचित व्यवस्थापन गर्ने आश्वासन दिएको थियो । तर, अस्थायी बसोबास लम्बिँदै जाँदा अहिले उनीहरू फेरि प्राकृतिक विपत्तिको सामना गर्न बाध्य भएका छन् । डुबानले धेरै परिवारको थोरै भए पनि जोगाएर राखेको सम्पत्ति भिजायो ।

क्रमशः पृष्ठ २ मा

### पीडितको आक्रोश

बालेनले हामीलाई बाढीबाट जोगाउन यहाँ ल्याएको भन्नुभएको थियो तर उहाँले नै हामीलाई डुबानमा पुऱ्याउनुभयो ।

■ **नवराज विक**

हामीलाई पनि जिउने इच्छा छ । सरकारले हाम्रो समस्या बुझेन । हामी कुकुर बिरालो होइनौं ।

■ **कान्छीमाया घलान**

यो सरकारले गर्दा हाम्रो जीवन नै बर्बाद हुने भयो । हामीलाई ढाँटीढाँटी किन यस्तो गरियो ?

■ **सीता परियार**

सामान निकाल्न पनि पाइएन । सबै हिलोले पुरियो । करिब एक लाख रूपैयाँ बराबरको सामान नष्ट भयो । सुरक्षाकर्मी समयमा आएनन्, हामी आफैंले ज्यान जोगायौं ।

■ **डम्बर तामाङ**

**सन्दर्भः वैदेशिक रोजगार**

## भारतीय विमानस्थलबाट श्रमिक पठाउने म्यानपावर कारबाहीमा

- वैदेशिक रोजगार विभागको अनुमति नलिई भारतीय विमानस्थलबाट श्रमिक पठाउँदै व्यवसायी
- स्वदेशी विमानस्थल प्रयोग गर्न दिएको निर्देशन नमान्ने आठवटा म्यानपावरलाई जरिवाना
- १५६ वटा इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी) लाई विभागले गरायो सचेत
- विवरण बुझाउन विभागले दिएको निर्देशन पालना नगर्ने म्यानपावर ४२४ वटा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वदेशी विमानस्थल प्रयोग नगरी कामदार पठाउने इजाजतपत्र प्राप्त संस्था कारबाहीमा परेका छन् । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई भारतीय विमानस्थलबाट पठाउने १५६ वटा इजाजतपत्र प्राप्त संस्थालाई सचेत गराइएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा २२ मा म्यानपावर व्यवसायीले स्वदेशी विमानस्थलको प्रयोग गरी श्रमिक पठाउनुपर्ने प्रावधान छ । तर १५६ वटाले उक्त नियमको पालना नगरेको पाइएको विभागले जनाएको छ । विभागको स्वीकृति नलिई भारतीय विमानस्थल प्रयोग गर्ने संस्थाहरूको सूची शनिबार सार्वजनिक गर्दै ऐनको दफा ५४ बमोजिम पहिलोपटक सचेत गराइएको जनाइएको छ ।




हाल सञ्चालनमा रहेका एक हजार ११७ वटा इजाजतपत्र प्राप्त संस्थामध्ये ६७८ वटालेमात्र विवरण उपलब्ध गराएको विभागले जनाएको छ । ४२४ वटाले भने विभागले विवरण उपलब्ध गराउन दिएको निर्देशनको पालना नगरेको सूचनामा भनिएको छ । ऐनको दफा ३७ को प्रावधान उल्लंघन गरेको भन्दै ती संस्थाहरूलाई पनि सचेत गराउँदै विवरण उपलब्ध गराउन पुनः अनुरोध गरिएको छ ।

विभागका अनुसार दुईपटक निर्देशन नमान्ने आठवटा म्यानपावरलाई जरिवानासमेत लगाइएको छ । जसमध्ये ग्राण्ड सुइट जब प्रालि, मास ह्युमन रिसोर्स प्रालि र नुन रिसोर्सेस प्रालिले भारतबाट कामदार पठाएका हुन् । त्यस्तै, एपेक्स एचआर कन्सल्टेन्सी प्रालिसहित टेस्ला ओभरसिज प्रालि, सुनाग्वा इन्टरनेसनल प्रालि, एलाइड इन्टरनेसनल म्यानपावर प्रालि र अञ्जली ओभरसिज सर्भिस प्रालिले भने विभागले माग गरेको विवरण उपलब्ध नगराएका हुन् । प्रत्येक संस्थालाई ५० हजार रूपैयाँ जरिवाना लगाइएको विभागले जनाएको छ ।

विभागले असार १ गते सूचना जारी गर्दै गत चैत १ गतेदेखि जेठ ३१ गतेसम्म श्रम स्वीकृति लिएर रोजगारीमा गएका कामदारलाई कुन विमानस्थलबाट पठाएको भन्ने विवरण तीन दिनभित्र उपलब्ध गराउन निर्देशन दिएको थियो । अन्य देशका विमानस्थलमार्फत श्रमिक पठाएको गुनासो बढेपछि म्यानपावरसँग विवरण माग गरेको जनाइएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्थापना भएको श्रम सहायता कक्षको अध्ययनमा पनि धेरै श्रमिकहरू भारतको बाटो हुँदै रोजगारीमा गइरहेको भेटिएको थियो ।

वैदेशिक रोजगार नियमावली २०६४ को नियम १८ मासमेत श्रमिक पठाउने प्रक्रिया स्वदेशी विमानस्थलमार्फत नै हुनुपर्ने स्पष्ट प्रावधान छ । यदि अन्य मुलुकको विमानस्थल प्रयोग गर्नु परे विभागको अनुमति लिनुपर्ने भनिएको छ । यद्यपि, वैदेशिक रोजगार व्यवसायीहरूले अनुमति नै नलिई श्रमिक पठाएको देखिन्छ ।

केही समयअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार कार्य हुँदा धेरै अन्तर्राष्ट्रिय विमान कम्पनीले उडान कटौती गरेपछि परराष्ट्र मन्त्रालय र नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वयमा नेपाली कामदारलाई भारतीय विमानस्थलबाट पठाउने व्यवस्थासमेत गरिएको थियो । हाल त्रिभुवन विमानस्थल पूर्णरूपपमा सञ्चालनमा रहेकोले यहीँबाट उडान भइरहेको अवस्थामा स्वदेशी विमानस्थल प्रयोगमा जोड दिन विभागले कडाइ गरेको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# लेखापढी व्यवसायी बागमती यातायात एकाइको अध्यक्षमा बस्नेत निर्विरोध

■ प्रभाव संवाददाता




**काठमाडौं**– लेखापढी व्यवसायी एसोसिएसन बागमती एकाइ समितिको अध्यक्षमा रामकृष्ण बस्नेत निर्वाचित भएका छन् । शनिबार ललितपुरको डिलाइट पार्टी भेन्युमा भएको चौथो अधिवेशनबाट बस्नेत अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

सचिवमा मदनकुमार लामा निर्विरोध निर्वाचित भएका छन् । समितिको उपाध्यक्ष र सहसचिव चयनमा भने मतदान भएको थियो । उपाध्यक्षमा विनोद प्याकुरेलले ८० मत पाउँदै निर्वाचित हुँदा प्रतिद्वन्द्वी इन्द्र दाहालले १७ मत पाएका थिए ।

सहसचिवमा ४३ मत पाउँदै बासुदेव चौलागाई सालिकराम निर्वाचित भएका छन् । उनको प्रतिस्पर्धी नरेन्द्र अर्याल र पूर्णवीर श्रेष्ठले ३९ र १५ मत पाए । समितिको कोषाध्यक्षमा लक्ष्मण तिमल्सिना र सहकोषाध्यक्षमा पार्वतीकुमारी निरौला निर्विरोध निर्वाचित भए । सदस्यहरूमा सबिना कपाली, विद्यासागर वाग्ले, डुकमान पुरी, ज्ञानेन्द्र कुमार श्रेष्ठ, सरोज अर्याल, मनिषा खत्री र विष्णुप्रसाद ढुंगेल निर्विरोध निर्वाचित भए ।

कार्यक्रमको उद्घाटन समारोहमा सांसद डा. तोसिमा कार्कीले लेखपढी व्यवसायीको हरेक कार्यालयमा महत्त्वपूर्ण भूमिका हुने बताएकी थिइन् । ‘लेखापढी व्यवसायीले हरेक कार्यालयका संवेदनशील मानिने कागजपत्रमा महत्वपूर्ण भूमिकासहित काम गरेकै कारण सर्वोच्च अदालतलेसमेत रिकगनाइज गरेको छ,’ उनले भनिन् ।

उद्घाटन समारोहमा बागमती प्रदेशसभाका सदस्य प्रेमभक्त महर्जन, लेखापढी व्यवसायी एसोसिएसनका केन्द्रीय अध्यक्ष सिताराम दाहाल, ललितपुर जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी नरहरि आचार्यलगायत उपस्थित थिए ।

# विपद्का घटनासम्बन्धी हटलाइन सबै जिल्लामा

**काठमाडौं (प्रस)**– विपद्सम्बन्धी घटना, गुनासा, सूचना तथा उद्धारसम्बन्धी सेवालाई थप छिटो, सहज र प्रभावकारी बनाउन गृह मन्त्रालयले विपद् हटलाइन नम्बर १२३४ लाई जिल्लास्तरसम्म विस्तार गरी सञ्चालनमा ल्याएको छ ।

मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिअनुसार यसअघि केन्द्रबाट मात्रै सञ्चालन हुँदै आएको विपद् टोल-फ्री नम्बर ११४९ लाई रूपान्तरण गरी १२३४ नम्बर सञ्चालनमा ल्याइएको हो ।

नयाँ व्यवस्थाअनुसार काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाबाट १२३४ मा गरिएको फोन राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सिंहदरबारमा पुग्ने छ भने अन्य ७४ जिल्लाबाट गरिएको फोन भने सम्बन्धित जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्वतः ‘राउटिङ’ हुने व्यवस्था मिलाइएको छ ।

मन्त्रालयका अनुसार विपद्सम्बन्धी सूचना, समस्या, गुनासा तथा सुझावका लागि नागरिकले अब आफ्नै जिल्लाको आपत्कालीन केन्द्रसँग प्रत्यक्ष सम्पर्क गर्नसक्ने भएकाले उद्धार, समन्वय र सेवा प्रवाह अझ प्रभावकारी हुने




अपेक्षा गरिएको छ ।

मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले शासकीय सुधार कार्यसूचीअनुसार नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्दै नागरिक सेवालाई परिणाममुखी, जवाफदेही र प्रभावकारी बनाउने नीति लिएको थियो । सोही नीतिअनुसार सबै ७७ जिल्लाका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सै घण्टा सञ्चालन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको गृह मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विपद्को समयमा नेपाल सरकारबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वसूचनाको पालना गर्न र आवश्यक परे १२३४ नम्बरमा सम्पर्क गर्न नागरिकलाई आग्रह गरेको छ ।

# अनुमतिविना विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेलाई कारबाहीको चेतावनी

**काठमाडौं (प्रस)**– शिक्षा तथा खेलकुद मन्त्रालयले ए-लेभल, सिबिएसई, आइबिडिपीलगायत विदेशी शैक्षिक कार्यक्रम मन्त्रालयको अनुमतिविना सञ्चालन गर्ने शैक्षिक संस्थामाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

गत बुधबारको मन्त्रिपरिषद्ले विदेशी सम्बन्धनका नाममा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमको गुणस्तर सुधार तथा नियमनलाई थप प्रभावकारी बनाउन विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गरेसँगै मन्त्रालयले कानुनी व्यवस्था कार्यान्वयनमा कडाइ गरेको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव कृष्णचन्द्र पोखरेलले केही शैक्षिक संस्थाले मन्त्रालयको अनुमति नलिई यस्ता कार्यक्रम सञ्चालन गरिरहेकाले कानुनी व्यवस्थाबारे पुनःजानकारी गराइएको बताए । मन्त्रालयले अनुमति नलिई विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शैक्षिक संस्थाबारे जानकारी भएमा तीन दिनभित्र लिखितरूपमा मन्त्रालयमा सूचना दिन सरोकार भएका सबैसँग आग्रह गरेको छ ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले उक्त नियमावली लागू गरिएको मन्त्रालयको भनाइ छ । यसअन्तर्गत मुलुकमा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्धन लिएर सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमका लागि नयाँ मापदण्ड लागू हुने मन्त्रालयले जनाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### राज्यको...

कसैको चामल भिज्यो, कसैको विद्यालय पढ्ने छोराछोरीका किताब नष्ट भए । कतिपयको नागरिकता, जन्मदर्ता र अन्य कागजातसमेत काम नलाग्ने अवस्थामा पुगे ।

होल्डिङ सेन्टरमा बस्दै आएका दलमर्दन कामी भन्छन्, ‘यो डुबानभन्दा पनि राज्यको व्यवहारले बढी पीडा दिएको छ ।’ कामीका अनुसार होल्डिङ सेन्टरमा रहेका धेरै नागरिक विगतमा दैनिक ज्यालादारी गरेर परिवार पाल्ने, दीर्घरोगी, अशक्त र वृद्धवृद्धा छन् । सामान्य वर्षा हुँदा पनि पानी जम्ने समस्या सम्बन्धित निकायलाई पटक-पटक जानकारी गराइएको भए पनि त्यसको समाधान नभएको उनको गुनासो छ ।

कान्छीमाया घलानलाई भने सबैभन्दा धेरै बिझाएको कुरा सरकारको वाचा हो । उनले भनिन्, ‘हामीलाई पनि जिउने इच्छा छ । हाम्रा पनि बालबच्चा छन् । १५ दिनका लागि भनेर घर भत्काएर यहाँ ल्याइयो, तीन महिना बित्यो । सरकारले हाम्रो समस्या बुझ्नेन । हामी कुकुर बिरालो होइनौं ।’

घलानका अनुसार अहिले होल्डिङ सेन्टर अस्थायी आश्रयभन्दा बढी अनिश्चितताको केन्द्र बनेको छ । कहिले बाहिर जानुपर्ने हो, कहाँ लैजाने हो भन्ने कुनै जानकारी आफूहरूलाई नदिइएको उनी बताउँछिन् ।

अर्की पीडित सीता परियारले पनि सरकारप्रति गुनासो पोखिन् । उनले भनिन्, ‘यो सरकारले गर्दा हाम्रो जीवन नै बर्बाद हुने भयो । हामीलाई ढाँटीढाँटी किन यस्तो गरियो ? सरकारले व्यवस्थापन गरेको भए आज यस्तो अवस्था आउने थिएन ।’

डुबानका कारण ठूलो आर्थिक क्षति बेहोरेका डम्बर तामाङका अनुसार रातभर उनीहरू ज्यान बचाउनमै व्यस्त भए । उनले भने, ‘सामान निकाल्न पनि पाइएन । सबै हिलोले पुरियो । करिब एक लाख रुपैयाँ बराबरको सामान नष्ट भयो । सुरक्षाकर्मी समयमा आएनन्, हामी आफैंले ज्यान जोगायौं ।’

सुकुमबासीहरूका अनुसार राति धेरै ढिलोमात्र उद्धार टोली पुगेको थियो । यद्यपि, गृह मन्त्रालयले भने सूचना प्राप्त हुनासाथ नेपाल प्रहरी र विपद् व्यवस्थापन टोली परिचालन गरेको जनाएको छ । मन्त्रालयका अनुसार राति १ बजेर ३८ मिनेटमा सूचना प्राप्त भएपछि उद्धार टोली घटनास्थल पुगेको थियो । डुंगाको प्रयोग गरी १५४ जनामध्ये ५४ जनालाई उद्धार गरेर त्रिभुवन विश्वविद्यालयस्थित स्मृति भवनमा सारिएको थियो । छ जना आफन्तकहाँ गएको र ९४ जना सेन्टरको सुरक्षित भागमा बसेको मन्त्रालयले जनाएको छ । प्रभावितलाई खाना, खानेपानी, स्वास्थ्य सेवा र राहत सामग्री उपलब्ध गराइएको पनि मन्त्रालयको भनाइ छ ।

तर, होल्डिङ सेन्टरमा आश्रित परिवारहरूका अनुसार तत्काल राहतभन्दा ठूलो आवश्यकता स्थायी पुनर्स्थापनाको हो । उनीहरूका अनुसार तीन महिनासम्म पनि सरकारले कहाँ बसाउने भन्ने स्पष्ट योजना सार्वजनिक गरेको छैन । बरू पछिल्ला दिनमा खाद्यान्न सहयोग घटाइएको र सेन्टर खाली गर्न दबाब दिइएको उनीहरूको आरोप छ ।

घटनापछि राजनीतिक प्रतिक्रिया पनि आएको छ । नेकपा एमालेका महासचिव शंकर पोखरेलले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै लेखेका छन्, ‘होल्डिङ सेन्टरमा आश्रित नागरिकलाई गाँस र पानीसमेत बन्द गरिनु अमानवीयताको पराकाष्ठा हो । सरकारले सुरक्षित भनेका होल्डिङ सेन्टर नै डुबानमा परेको समाचार आउनु झन् चिन्ताजनक विषय हो ।’

उनले थप लेखेका छन्, ‘असुरक्षित तथा अनधिकृत क्षेत्रमा रहेका सुकुमबासीलाई हटाउनुअघि उचित व्यवस्थापन र पुनर्स्थापना गर्नु राज्यको पहिलो दायित्व हो । सरकारले आफ्ना कमजोरी सच्याउँदै तत्काल न्यायोचित व्यवस्थापन गर्नुपर्छ ।’

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका नेता ओजश्वीराज थापाले व्यवस्थापनमा वालेन्द्र सरकारको कमजोरी भएको स्वीकार गरे । उनले भने, ‘लगातारको वर्षापछि भएको डुबानले समस्या निम्त्याएको सत्य हो । राज्यले यसको जिम्मेवारी लिनुपर्छ । हामी तत्कालका लागि आधारभूत आवश्यकता पूरा गर्न र दीर्घकालीन व्यवस्थापनका लागि उपयुक्त स्थान पहिचान गर्न केन्द्रित छौं ।’

साढे दुई महिनाअघि सारिएका सुकुमबासी परिवार आजपर्यन्त अस्थायी आश्रयमै छन् । त्यसमाथि सुरक्षित भनिएको स्थान नै डुबानमा परेपछि उनीहरूको राज्यप्रतिको भरोसा झन् कमजोर बनेको छ ।

होल्डिङ सेन्टरका कोठाहरू केही दिनमा सुक्लान्, राहत सामग्री पनि पुग्ला । तर शनिबार रातिको डुबानले सुकुमबासीको मनमा जन्माएको असुरक्षा र राज्यको प्रतिबद्धतामाथि उठेको प्रश्न यति सजिलै मेटिने देखिँदैन । उनीहरूको माग अहिले पनि उही छ-राहत होइन, सम्मानका साथ बाँच्न मिल्ने सुरक्षित र स्थायी बसोबास ।

■■■

### तीन दिनमा...

उनको कीर्तिपुरको बर्न अस्पतालमा आइसियूमा राखेर उपचार भइरहेको अस्पतालका निर्देशक डा. किरण नकर्मीले जानकारी दिए । मण्डलको शरीरको ८५ प्रतिशत भाग जलेको छ । ‘अवस्था क्रिटिकल छ । आइसियूमा उपचार हुँदै छ । ८५ प्रतिशत जलेको छ । सबै घाउ गहिरो छ,’ उनले भने ।

२५ वर्षीय विवेकले शुक्रबार आफ्नै शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका थिए । घरबाट करिब २०० मिटर टाढा गएर आत्मदाह प्रयास गरेका थिए । गम्भीर अवस्थामा रहेका उनलाई हेलिकप्टरमार्फत शुक्रबार साँझ काठमाडौं ल्याएर कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएको हो । अस्पतालका निर्देशक नकर्मीका अनुसार मण्डलको शरीरको ८५ प्रतिशत भाग गहिरोसँग जलेको छ । उनको अवस्था अत्यन्त गम्भीर रहेकाले आइसियूमा उपचार भइरहेको छ ।

आत्मदाह घटनाको शृंखला बिहीबार काठमाडौंको त्रिपुरेश्वरबाट सुरु भयो । मुगुको सोरु गाउँपालिका-१ का गणेश नेपालीले आत्मदाहको प्रयास गरेका थिए । गम्भीर अवस्थामा उनको वीर अस्पताल लगेर उपचार गरिएको थियो । उपचारकै क्रममा शुक्रबार उनको निधन भयो । वीर अस्पतालमा शव सुरक्षित राख्ने मर्चरी फ्रिज नभएकाले उनको शव पोस्टमार्टमका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज पठाइएको छ ।

गणेशका आफन्तले काठमाडौं महानगर प्रहरीसँग भएको विवादका कारण उनी आत्मदाह गर्न बाध्य भएको आरोप लगाएका छन् । उनीहरूले घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै शव बुझ्न अस्वीकार गरेका छन् । सरकार र परिवारबीच शुक्रबार र शनिबार भएको अनौपचारिक वार्ताबाट पनि कुनै सहमति जुट्न सकेन ।

यता, नेपालीको मृत्युको विरोधमा शनिबार काठमाडौंस्थित वीर अस्पताल अगाडि प्रदर्शन भयो । प्रदर्शनकारीहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र पीडित परिवारलाई न्याय दिन माग गरेका छन् । उनीहरूले सरकार र सत्तारुढ दलविरुद्ध नाराबाजी गरेका थिए । सम्भावित अप्रिय अवस्था हुन नदिन अस्पताल परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको थियो ।

■■■

### भारतीय विमानस्थलबाट...

कतिपय अवस्थामा भारतीय बाटो हुँदै अवैधरूपमा खाडीलगायतका मध्यपूर्वी देशहरूमा भइरहेको मानव तस्करी नियन्त्रणमासमेत स्वदेशी विमानस्थलको प्रयोग गर्नु आवश्यक रहेको सरोकारवालको भनाइ छ । यद्यपि, म्यानपावर व्यवसायीहरूले भने विभागले थोरै समय दिएर विवरण मागेकाले उपलब्ध गराउन नसकेको बताउँदै आएका छन् ।

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

*दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०३/२८ गते*

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व.०८२/८३ मा ढलापडा रुखहरूबाट सङ्कलन भएको साल गोलिया ७८६.७० क्यू.फि.काठ, साल दाउरा १ चट्टा लिलाम विक्री गर्नुपरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री काम्लेटटरी सामुदायिक वन उपभोक्ता समूह**
**तिनाउ–१, पाल्पा**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २८ असार, २०८३

| | |
|---|---|
| **मेष** | साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृष** | नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ । |
| **मिथुन** | व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ । |
| **कर्कट** | आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ । |
| **सिंह** | घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् । |
| **कन्या** | छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ । |
| **तुला** | आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ । |
| **वृश्चिक** | नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ । |
| **धनु** | गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्राममले मानसिक शान्ति मिल्नेछ । |
| **मकर** | मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । |
| **कुम्भ** | पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ । |
| **मीन** | अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ असार, २०८३ (१२ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.३३ | १५२.९३ |
| युरो | १ को | १७४.०९ | १७४.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२२ | २०५.०३ |
| स्विस फ्रैन्क | १ को | १८८.७७ | १८९.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०५.६९ | १०६.१० |
| क्यानाडियन डलर | १ को | १०७.४३ | १०७.८५ |
| सिङगापुर डलर | १ को | ११७.८२ | ११८.२८ |
| जापानी येन | १० को | ९.३८ | ९.४२ |
| चिनियाँ युआन | १ को | २२.४२ | २२.५१ |
| साउदी अरब रियाल | १ को | ४०.५७ | ४०.७३ |
| कतारी रियाल | १ को | ४१.७९ | ४१.९५ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४८ | ४१.६४ |
| मलेसियन रिङेट | १ को | ३७.३६ | ३७.५१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.७९ |
| डेनिस क्रोनर | १ को | २३.२९ | २३.३८ |
| हङकङ डलर | १ को | १९.४४ | १९.५१ |
| कुवेती दिनार | १ को | ४९४.९८ | ४९६.९३ |
| बहराइन दिनार | १ को | ४०४.०० | ४०५.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**कालभैरव मन्दिर** | विश्वसम्पदा सूचीमा सूचीकृत काठमाडौंको हनुमानढोका दरबार परिसरमा रहेको कालभैरव मन्दिर । *तस्विर: रासस*

# ट्रमा सेवा विस्तार र दुर्घटना उपचार सहज बनाउन प्रदेश सरकारको प्रतिबद्धता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बागमती प्रदेश सरकारले सवारी दुर्घटनापछि घाइतेको उपचारलाई सहज बनाउन सरकारी अस्पतालमा ट्रमा सेवा विस्तार गर्ने, ट्रमा सेन्टरको क्षमता अभिवृद्धि गर्ने तथा आवश्यक कानुनी र नीतिगत व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ ।

नेपाल यातायात व्यावसायिक राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष सरोज सिटौलाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग शनिबार भएको छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सार्वजनिक यातायात क्षेत्रमा देखिएका समस्याको दीर्घकालीन समाधानका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएको महासंघले जनाएको छ ।



मुख्यमन्त्री बानियाँले दुर्घटनामा मृत्यु हुनेका परिवारलाई उचित क्षतिपूर्ति सुनिश्चित गर्ने, घाइतेको उपचारलाई सहज बनाउने तथा सम्बन्धित निकाय र यातायात व्यवसायीसँग समन्वय गरी आवश्यक सुधार अघि बढाइने विश्वास व्यक्त गरे । उनले दुर्घटनापछि घाइतेको प्राथमिक उपचार सरकारी अस्पतालमै सुनिश्चित गर्ने दिशामा आवश्यक कानुनी तथा नीतिगत पहल गरिने पनि बताए ।

भेटका क्रममा महासंघले विशेषगरी काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक जाम, दुर्घटनापछिको क्षतिपूर्ति वितरण प्रक्रिया तथा घाइतेको उपचारसँग सम्बन्धित समस्या समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएको थियो । महासंघका अध्यक्ष सिटौलाले हालको बिमा व्यवस्थाअनुसार घाइतेको उपचार खर्च अधिकतम तीन लाख रूपैयाँसम्म मात्र उपलब्ध हुने भएकाले महँगा निजी अस्पतालमा उपचार गराउँदा व्यवसायी र पीडित दुवै आर्थिकरूपमा समस्यामा पर्ने गरेको बताए ।

उनले ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने, दुर्घटनापछिको उपचार प्रणाली सुधार गर्ने र क्षतिपूर्ति वितरण प्रक्रियालाई व्यावहारिक तथा समयानुकूल बनाउन प्रदेश सरकारले आवश्यक समन्वय गर्नुपर्नेमा जोड दिए ।

सिटौलाले सार्वजनिक यातायातलाई प्रविधिमैत्री बनाउन जिपिएस प्रणाली जडान, अनलाइन टिकटिङ, सिसी क्यामेरा जडान तथा यात्रुले तोकिएको स्थानबाट अनिवार्यरूपमा टिकट लिएरमात्र यात्रा गर्ने व्यवस्था कार्यान्वयनका लागि आवश्यक कानुनी तथा नीतिगत वातावरण निर्माण गरिदिन पनि आग्रह गरे ।

मुख्यमन्त्री बानियाँले बागमती प्रदेश संघीय राजधानी रहेको प्रदेश भएकाले देशभरका ६० प्रतिशतभन्दा बढी सवारीसाधनको चाप यहीँ रहने उल्लेख गर्दै ट्राफिक सुधार, दुर्घटना न्यूनीकरण र यात्रुको सुरक्षित आवागमन सुनिश्चित गर्न प्रदेश सरकार निरन्तर सक्रिय रहने बताए ।

यातायात व्यवसायीहरूले ट्राफिक व्यवस्थापन, दुर्घटनापछिको उपचार प्रणाली र क्षतिपूर्ति व्यवस्थामा सुधार भए सार्वजनिक यातायात सेवा थप सुरक्षित, भरपर्दो र प्रभावकारी बन्ने विश्वास व्यक्त गरेका छन् ।

# कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा डा. तुलाधर, प्रस्तावित आयुक्तविरूद्ध उजुरी माग

**काठमाडौं (प्रस)–** निर्वाचन आयोग नेपालको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी आयुक्त डा. जानकीकुमारी तुलाधरले सम्हालेकी छन् ।

यसअघिका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी यही असार २३ गते ६५ वर्षे उमेर हदका कारण अवकाश भएपछि त्यसपछिको वरीयतामा रहेकी आयुक्त डा. तुलाधरलाई सो जिम्मेवारी सरेको हो । आयुक्त भण्डारीकै नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो । पाँच सदस्यीय हुने आयोगका हाल आयुक्त डा. तुलाधर र आयुक्त सगुनशमशेर जबरा कायम छन् ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको २०८२ वैशाख ५ गते र तत्कालीन निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते कार्यकाल सकिएको थियो ।

यसैबीच संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि



सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वानसहित सुनुवाइ प्रक्रिया सुरु गरेको छ । संवैधानिक परिषद्ले मानबहादुर कार्की (मोरङ) लाई प्रमुख निर्वाचन आयुक्त तथा डा राजीव सुब्बा (काठमाडौं) र गुरूप्रसाद वाग्ले (ओखलढुंगा) लाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ ।

समितिले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै संवैधानिक परिषद्बाट सिफारिस गरिएका व्यक्तिहरूको नियुक्ति उपयुक्त छैन भन्ने कसैसँग ठोस आधार, प्रमाण वा सूचना भए १० दिनभित्र समितिमा उजुरी दिन आग्रह गरेको छ । सूचनाअनुसार सिफारिस गरिएको व्यक्तिहरूविरुद्ध प्रमाणसहित नेपाली वा अंग्रेजी भाषामा उजुरी दिन सकिने छ ।

उजुरीमा उजुरीकर्ताको नाम, थर, ठेगाना, फोन नम्बर र स्पष्ट खुल्ने गरी जिल्ला उल्लेख गर्नुपर्ने छ । उजुरी दिँदा आधार र प्रमाणका कागजातको प्रतिलिपिसमेत संलग्न गर्नुपर्ने समितिले जनाएको छ ।

समितिका अनुसार सिंहदरबारस्थित संसदीय सुनुवाइ समितिको सचिवालयमा बुझाउन वा जिल्ला प्रशासन कार्यालयमार्फत दस्तुरविनै पठाउन सकिने छ । समितिले उक्त सूचना पहिलोपटक असार २६ गते प्रकाशित गरेको जनाएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा यही असार १९ गते बसेको संवैधानिक परिषद्को बैठकले उनीहरूलाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो ।

# सिनामंगल-बानेश्वर क्षेत्रको बागमतीबाट दुई मेट्रिक टन नकुहिने फोहोर व्यवस्थापन

**काठमाडौं–** 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको बागमती सफाइ महाअभियान ६८७औं हप्तामा प्रवेश गरेको छ ।

काठमाडौं महानगरपालिका वडा न ९ र ३१ स्थित सिनामंगलबाट बानेश्वर क्याम्पसअघिको बागमती नदी किनारमा ६८७औं हप्ताको सफाइ गरी दुई मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको छ । सफाइबाट जम्मा भएको नकुहिने दुई मेट्रिक टन फोहोर महानगरपालिकाको वातावरण विभाग टेकुको ट्रकमा राखी व्यवस्थापन गरिएको अभियानकर्मी डा. माला खरेलले जानकारी दिइन् । कुहिने फोहोर भने नदी किनारमा रोपिएका बिरुवालाई मल हुनेगरी गाड्ने व्यवस्था मिलाइएको छ ।

सफाइमा स्थानीय सरकारका जनप्रतिनिधि, बागमती सफाइ अभियानकर्मी, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारीसहित गैरीगाउँ बानेश्वर क्याम्पस सानो फलामे पुल क्षेत्रका स्थानीयवासीको पनि सक्रिय सहभागिता थियो । सफाइका क्रममा महानगरपालिका-९ का सदस्य टेकराज अधिकारीले ल्याएको लप्सी र एभोकाडोको बिरुवा बागमती किनारमा रोपिएको छ ।

बागमती सफाइ अभियानकर्मी नारायणकुमार श्रेष्ठको शुक्रबार परेको जन्मदिनको उपलक्ष्यमा बागमती किनारमा लप्सीको बिरुवा रोपिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए ।

२०७० जेठ ५ गतेदेखि बागमती सफाइ महाअभियान सुरु भएको हो । प्रत्येक हप्ताको शनिबार बिहान दुई घण्टा नदी किनारमा अभियानकर्मीले सफाइ गर्दै आएका छन् । यो सफाइ अभियान जाडो, गर्मी, झरी, भूकम्प, कोरोना महामारीजस्ता प्रतिकूल अवस्थामा पनि रोकिएको छैन । शनिबार जुनसुकै चाडपर्व परे पनि अभियानकर्मीले बागमती सफाइ भन रोक्दैनन् । *रासस*

# सुदूरपश्चिमको विपद् प्रतिकार्यसम्बन्धी कार्ययोजना अनुमोदन

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित तयार गरिएका दुई वटा कार्ययोजना अनुमोदन गरेको छ ।

मुख्यमन्त्री एवं परिषद्का अध्यक्ष कमलबहादुर शाहको अध्यक्षतामा शनिबार धनगढीमा बसेको बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना-२०७७ (पाँचौं संशोधन-२०८३)' र 'बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना (२०२५-२०३०)' लाई अनुमोदन गरेको हो ।

कार्ययोजना पारित भएसँगै प्रदेशमा मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा अन्तरनिकाय समन्वय, जिम्मेवारीअनुसार भूमिका निर्वाह, स्रोतसाधन व्यवस्थापन र बहुप्रकोप पूर्वसूचनाका क्षेत्रमा प्रभावकारी कार्यसम्पादनका लागि थप सहज हुने विश्वास गरिएको छ । यसका साथै बैठकले मनसुनजन्य प्रकोपका जोखिम न्यूनीकरण, प्रतिकार्यका लागि समन्वयात्मक रूपमा परिचालन र क्षेत्रगत जिम्मेवारी निर्वाह गर्ने समझदारीसमेत गरेको छ ।

परिषद्का अध्यक्ष शाहले सरकार र जिम्मेवार निकायमाथि कुनै प्रश्न नउठ्ने गरी विपद् प्रतिकार्यका लागि तयार रहन सम्बद्ध निकायलाई निर्देशन दिए । उनले तीन तहका सरकार र विपद्का क्षेत्रमा क्रियाशील विकास साझेदारसमेत मिलेर काम गर्नुपर्नेमा जोड दिँदै सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्ने गरी तयार रहन आग्रह गरे ।

'सुरक्षा निकाय र हाम्रा अन्य संयन्त्रले पनि जोखिमयुक्त क्षेत्रको पहिचान गरेकै छौं । त्यसमा पनि प्राथमिकता निर्धारण गरेर विपद् प्रतिकार्यका लागि तयार रहौं,' मुख्यमन्त्री शाहले भने, 'हाम्रो तयारी र क्षमताको प्रभाव विपद्का बेला देखिने हो । त्यसलै हाम्रो भूमिकामा कुनै प्रश्न नउठ्ने गरी मिलेर प्रभावकारी रूपमा काम गरौं । प्रदेश सरकार र नेतृत्वका हिसाबले गर्नुपर्ने सबै सहजीकरणका लागि प्रदेश सरकार तयार छ । तपाईंहरू पनि सम्पूर्ण रूपमा तयार रहनुहोला ।'

बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रदेशसभा संसदीय दलका नेता खगराज भट्टले जलवायु परिवर्तनको प्रभावले विपद्को प्रवत्तिमा पनि फेरबदल भइरहेकाले सोहीअनुसार प्रतिकार्य योजना बनाइनुपर्नेमा जोड दिए । उनले नीतिगत, संरचनागत



र प्रक्रियागत सहजताका साथै विपद्का बहुआयामिक स्वरूपसँग जुध्न सबै मिलेर काम गर्नुपर्ने बताए । नेता भट्टले सुदूरपश्चिम प्रदेश आन्तरिक भूबनोटमात्र नभई अन्तरदेशीय अवस्थितिका कारणले पनि विपद्को जोखिममा रहेकाले त्यसलाई सम्बोधन गर्न तीनै तहका सरकारको प्रभावकारी भूमिका आवश्यक रहेको धारणा राखे ।

बैठकमा भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल, आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्की, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, आर्थिक मामिलामन्त्री विक्रमसिंह धामी, सामाजिक विकासमन्त्री बेलबहादुर राना, प्रदेशका प्रमुख सचिव बैकुण्ठप्रसाद अर्याल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव तेजप्रकाश जोशीलगायतले विपद्, यसबाट बच्ने उपायलगायत विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

यसैगरी नेपाल प्रहरीका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक सानुराम भट्टराई, सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीलगायतले सुरक्षा तयारी र आवश्यक बन्दोबस्तीका बारेमा जानकारी गराए ।

नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष दिलबहादुर बुढा, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, फिल्ड कार्यालय सुदूरपश्चिमका प्रमुख बैजयन्तीसिंह गिरी, नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश कार्यालयका कार्यकारी निर्देशक ज्योति भट्टलगायतले विपद् प्रतिकार्यका लागि पूर्वतयारीदेखि विपद्का समयमा उद्धार तथा राहत प्रदान गर्न आफूहरू सरकारसँगै रहेको बताए ।

### कार्ययोजना अनुमोदनले समेटेका विषय

अनुमोदित मनसुन पूर्वतयारी कार्ययोजनामा बाढी, पहिरो, डुबान, कटान, सडक अवरोधलगायत वर्षायाममा देखिने सम्भावित जोखिमहरूको पूर्वानुमान, जोखिम न्यूनीकरणका उपाय, तथा विपद्को अवस्थामा गरिने खोज तथा उद्धार, राहत वितरण र पुनःस्थापनासम्बन्धी स्पष्ट कार्यविभाजन समेटिएको छ । साथै आपत्कालीन अवस्थामा कुन निकाय कसरी परिचालित हुने भन्ने विषय पनि कार्ययोजनाले निर्दिष्ट गरेको छ ।

कार्ययोजना तयार गर्दा 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४,' 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६,' 'राष्ट्रिय विपद् विपद् प्रतिकार्य कार्यढाँचा, २०७०,' 'प्रादेशिक विपद् व्यवस्थापन योजना-२०७७,' 'प्रदेश विपद् प्रतिकार्य कार्यडाँचा २०८०,' 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६,' तथा 'प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६' ले निर्दिष्ट गरेको विषयहरूलाई आधार मानिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव पवित्राकुमारी पुरीले जानकारी दिए । उनले यससम्बन्धी प्रस्तुतीकरणसमेत गरेका थिए ।

यसैगरी, बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना (२०२५-२०३०) ले प्रदेशभर प्रभावकारी पूर्वसूचना प्रणाली विकास र विस्तारमा जोड दिएको छ । जलवायु परिवर्तनका कारण बढ्दो विपद् जोखिमलाई मध्यनजर गर्दै मानव केन्द्रित पूर्वानुमान, सञ्चार संयन्त्र सुदृढीकरण तथा आधुनिक प्रविधिको प्रयोगमार्फत जोखिम न्यूनीकरण गर्ने लक्ष्य लिइएको जल तथा मौसम विज्ञान कार्यालय अत्तरियाका प्रमुख इञ्जिनियर सञ्जयकुमार साहले बताए ।

उनले सुदूरपश्चिममा विपद्को अवस्थाबारे प्रस्तुतीकरण गर्दै उनले दुवै कार्ययोजना पारित भएसँगै प्रदेशमा विपद् प्रतिकार्यका क्षेत्रमा थप प्रभावकारी काम गर्न सहज हुने धारणा राखे । *रासस*

# सूर्यविनायक पूर्ण खोप सुनिश्चितता नगर घोषणा

**भक्तपुर (प्रस)–** सूर्यविनायक नगरपालिकाले शुक्रबार नगरलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरेको छ । नगरपालिकाको कार्यालय कटुञ्जेमा आयोजित घोषणा कार्यक्रममा नगरप्रमुख वासुदेव थापाले औपचारिकरूपमा नगरपालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपना नगर घोषणा गरेका हुन् ।

नगरप्रमुख थापाले बालबालिकाको स्वास्थ्य संरक्षण र सुरक्षित भविष्य निर्माणमा नगरपालिका सफल भएको भन्दै नगरपालिका क्षेत्रमा बस्ने पाँच वर्षमुनिका प्रत्येक बालबालिकाले सतप्रतिशत खोप पाएको बताए । उनले घोषणालाई दिगोपना दिन थप कार्यक्रम ल्याउने बताउँदै नगरपालिकाले आफ्ना नागरिकलाई शिक्षा तथा स्वास्थ्य सहज र शुलभ पहुँचमा लगानी वृद्धि गरेको बताए ।

नगरप्रमुख थापाले भने, 'स्वास्थ्य क्षेत्रलाई नगरपालिकाले उच्च प्राथमिकतामा राखेको छ, त्यसकै परिणामस्वरूप पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्भव भएको हो, नगरपालिकाले आफ्ना नागरिकलाई सहज र शुलभ स्वास्थ्य उपचार नगर अस्पतालबाट दिँदै आएको छ, स्वास्थ्य, शिक्षा तथा बालमैत्री स्थानीय शासनका क्षेत्रमा नगरपालिकाले सफलता हात पारेको छ ।'

सूर्यविनायक नगरपालिकाका प्रवक्ता एवं सामाजिक शाखाका संयोजक तथा वडा नं ७ का वडाध्यक्ष रविन्द्र सापकोटाले खोप अभियानले जन्मदेखि २३ महिनासम्मका बालबालिकालाई घरघरमै पुगेर खोजी गरेर खोप लगाउन सफल भएको बताए । सबै खोप प्राप्त गरेका बालबालिकालाई आगामी वर्षमा खोपको निरन्तरता र सुनश्चितता दिन नगरपालिकाले खोप र खोजलाई निरन्तरता दिने बताए ।

जिल्ला जनस्वास्थ्य कार्यालयकी प्रमुख अञ्जना खड्काले बालबालिकाको स्वास्थ्य अधिकार सुनिश्चित गर्न एक वर्षदेखि खोप तथा खोज कार्यक्रम सञ्चालन गरी घरदैलोमा पगेर प्रत्येक बालबालिकालाई सबै प्रकारको खोप दिएको बताइन् । उनले खोप लगाउन छुटेका आठ जना बालबालिकालाई पूर्णखोप दिलाउन सफल भएको बताइन् ।

नगरपालिका स्वास्थ्य शाखाका प्रमुख बसन्त चौलागाईले घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांकअनुसार नगर क्षेत्रमा खोप पाएका १५ महिनासम्मका बालबालिकाको संख्या एक हजार ७५० रहेको, ड्रपआउट संख्या एक रहेको र पूर्ण खोप प्राप्त गरेका १६ देखि २३ महिनासम्मका बालबालिकाको संख्या एक हजार ३२९ रहेको बताए ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकार, अब त ब्युँझ !

मुलुकमा व्यवस्था बदलियो, शासक बदलिए, अनि ठूला–ठूला क्रान्ति र जेन–जी विद्रोहको जगमा सुशासनको नारा घन्काउने नयाँ शक्तिहरू सत्ताको बागडोर सम्हाल्न आइपुगे। तर, परिवर्तनको यो कोलाहलभित्र निमुखा र सर्वसाधारण नागरिकको नियति भने अझै बदलिएको छैन, बरू झन् दर्दनाक बन्दै गएको छ। तीन दिनभित्र तीन जना युवा तथा नागरिकले आत्मदाहको बाटो रोज्नु र तीमध्ये दुई जनाको मृत्यु हुनु सामान्य घटना होइनह यो राज्य संयन्त्र, सिंहदरबार र देशको समग्र प्रणाली असफल हुँदै गएको गम्भीर र डरलाग्दो संकेत हो।

गत बिहीबार त्रिपुरेश्वरमा नगरप्रहरीसँगको विवादपछि राइडर गणेश नेपालीले आफैंलाई आगो लगाए र वीर अस्पतालमा अन्तिम सास फेरे। त्यसको भोलिपल्टै सर्लाहीमा विवेक मण्डलले आत्मदाहको प्रयास गरे। यी घटनाहरूको पीडा र आक्रोश सेलाउन नपाउँदै काठमाडौंको बुद्धनगरमा शनिबार बिहान ४५ वर्षीय आश्विन राउतले गरेको आत्मदाहको प्रयास र उपचारका क्रममा भएको उनको निधनले मुलुकको वर्तमान शासकीय प्रणाली र सामाजिक–आर्थिक दुरावस्थामाथि पुनः एकपटक गम्भीर र भयानक प्रश्नचिह्न खडा गरिदिएको छ। विगतमा नयाँ बानेश्वरमा प्रेमप्रसाद आचार्यले संसद् भवन अगाडि आत्मदाह गर्दा जुन आक्रोश र निराशा देशव्यापीरूपमा सडकदेखि सदनसम्म पोखिएको थियो, आज पुनः त्यही निराशा र आक्रोश नागरिकको मनमा आगो बनेर सल्किएको छ। दुःखको कुरा, नागरिकहरू प्रणालीबाट आश मारेर आफैंलाई जलाउन बाध्य भइरहँदा सत्तामा बस्नेहरू भने संवेदनहीनताको पराकाष्ठा प्रदर्शन गरिरहेका छन्।

विशेषगरी संघीय सरकारका गृहमन्त्री सुधन गुरुङले संसद् जस्तो गरिमामय ठाउँमा उभिएर जुन गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिए, त्यसले लोकतन्त्र र विधिको शासनको खिल्ली उडाएको छ। नागरिकको जीउधनको रक्षा गर्ने पहिलो दायित्व बोकेको गृहमन्त्रीले ‘स्थानीय सरकार कसको छ ?’ भन्दै काठमाडौं महानगरपालिका र विपक्षी दलतर्फ दोष थुपारेर पानीमाथिको ओभानो बन्न खोज्नु लज्जास्पद विषय हो। राज्य भनेको सिंगो अविच्छिन्न उत्तराधिकार र संयन्त्र हो, यसलाई संघीय, प्रादेशिक वा स्थानीय भनी कित्ताकाट गरेर नागरिकको लासमाथि राजनीति गर्ने छुट कसैलाई छैन। अझ अचम्मको कुरा त, विगतमा प्रतिपक्षमा हुँदा साना–तिना बेथितिमा पनि सरकारको चर्को आलोचना गर्ने र सुशासनको पाठ सिकाउने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने यतिबेला रहस्यमय रूपमा चुपचाप छन्। सत्ताको स्वाद र कुर्सीको न्यानोपनले गर्दा भुइँमान्छेका यी कहालीलाग्दा चित्कारहरू उनले नसुनेझैं गरिरहेका छन्।

फागुन २१ गतेको निर्वाचनमार्फत देशमा नयाँ आशा र राजनीतिक स्थायित्वको परिकल्पना गरिएको थियो। आम युवा र जेन–जी पुस्ताले वैकल्पिक राजनीतिक शक्तिलाई झण्डै दुईतिहाइ मत दिएर सत्ताको साँचो सुम्पिएका थिए। तर वालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले १०० दिन मनाउन नपाउँदै सडकमा नागरिकहरू आफ्नै शरीरमा पेट्रोल खन्याउन बाध्य हुनुले यो सरकार पनि पुरानै सत्ताको धङधडीमा अलमलिएको पुष्टि गर्छ। सरकारका ऐन, नियम र निर्णयहरू केवल हुनेखाने र कर्पोरेट वर्गको स्वार्थ रक्षा गर्न केन्द्रित देखिएका छन् भने श्रम गरेर खाने वर्ग सडक सुरक्षा, ट्राफिक आतंक र प्रशासनिक झमेलाको चक्रव्यूहमा पिसिएको छ।

एकपछि अर्को आत्मदाहको प्रयास कुनै रहर होइन, यो राज्यको विभेदकारी नीति, आर्थिक संकट र न्याय नपाउने चरम निराशाको ऐना हो। सरकारले अब सस्तो लोकप्रियता, मिडिया स्टन्ट र एकअर्कामाथि हिलो छ्यापाछ्याप गर्ने खेल बन्द गर्नुपर्छ। सडकमा छताछुल्ल भएको यो नागरिक आक्रोशलाई समयमै सम्बोधन गरिएन र थिति बसाल्ने दिशामा ठोस कदम चालिएन भने, यो निराशाले सिंगो व्यवस्था र राजनीतिक स्थायित्वलाई नै भस्म पार्ने गरी अर्को ठूलो विद्रोहको रूप लिने निश्चित छ। सरकार, अब त ब्युँझ ! आफ्ना नागरिकको अमूल्य जीवनको रक्षा गर !

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ। जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने। मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने। सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने। यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस्। तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस्।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने। अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस्। कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने। आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने। प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने। उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन्।

# जनसांख्यिक लाभांश गुमाउँदै नेपाल



❑ डा. उद्धव सिग्देल

“ तथ्यांकहरु आफैं बोलिरहेका छन् । काम गर्ने उमेरको जनसंख्या ६२ प्रतिशत पुगेको, प्रजनन् दर प्रतिस्थापन तहमा झरेको र वृद्धिदर ८० वर्षयताकै न्यून रहेको मुलुकसँग जनसांख्यिक अवसरको यो आकार फेरि कहिल्यै आउने छैन । इतिहासले कुनै पनि राष्ट्रलाई यस्तो जनसांख्यिक लाभको झ्याल एकपटक मात्र दिन्छ । दक्षिणपूर्वी एसियाले त्यसलाई समृद्धिको अवसरमा परिणत गऱ्यो । ल्याटिन अमेरिकाका कतिपय मुलुकले गुमाएर पछुताइरहेका छन् । नेपाल अहिले ठीक त्यही दोबाटोमा उभिएको छ ।

जनसांख्यिक बनावटको हिसाबले नेपाल अहिले यस्तो बिन्दुमा छ जहाँ अवसर र क्षय एकैपटक प्रकट भएका छन्। काम गर्ने उमेरको जनसंख्या इतिहासकै उच्च बिन्दुमा पुगेका बेला युवा पलायन पनि उत्कर्षमा छ। काम गर्ने उमेरको जनसंख्याको बाहुल्यता अवसरको घेरो हो तर रोजगारी र गुणस्तरीय शिक्षाको अभावमा विदेश जानुपर्ने बाध्यता जनसांख्यिक लाभांशको क्षय हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा बिहानैदेखि लाइन लाग्छ। काँधमा नयाँ झोला, हातमा पासपोर्ट र अनुहारमा अनिश्चयको छाया बोकेका अधिकांश यात्रु २० देखि ३५ वर्ष उमेरका युवा हुन्। वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्र आठ लाख ३९ हजार २६६ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिए। औसतमा दिनैपिच्छे करिब दुई हजार ३०० युवा अर्थात् हरेक मिनेटजसो एकभन्दा बढी विदेसिने गरेमा छन्। ठीक यहीबेला मुलुक आफ्नो इतिहासकै सबैभन्दा अनुकूल जनसांख्यिक अवस्थामा छ भन्ने तथ्य बहसको केन्द्रमा पर्न सकेको छैन। जनसंख्याशास्त्रीहरूले ‘सुनौलो झ्याल’ भन्ने गरेको यो जनसांख्यिक अवसर सधैंका लागि खुला रहँदैन। नेपालका निम्ति प्रश्न यतिमात्र हो कि यो झ्याल बन्द हुनुअघि लाभ उठाउन सक्छौं कि सक्दैनौं ?

### आधा शताब्दीको संक्रमण

जनसांख्यिक संक्रमण भनेको उच्च जन्मदर र उच्च मृत्युदरबाट न्यून जन्मदर र न्यून मृत्युदरतर्फको यात्रा हो। युरोपले २०० वर्ष लगाएर पार गरेको यो यात्रा नेपालले करिब पाँच दशकमै पूरा गरेको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका शृंखलाबद्ध तथ्यांक हेर्दा सन् १९९६ मा प्रतिमहिला ४.६ रहेको कूल प्रजनन् दर सन् २०२२ मा आइपुग्दा २.१ मा झरेको छ, जुन प्रतिस्थापन तह हो। अर्थात् अबका नेपाली आमाहरूले औसतमा जति बच्चा जन्माउँछन्, त्यसले जनसंख्यालाई बढाउँदैन, मात्र प्रतिस्थापन गर्छ।

गण्डकी प्रदेशको प्रजनन् दर १.४ मा झरिसकेको छ भने बागमतीको १.६ छ जुन विकसित युरोपेली मुलुकहरूकै हाराहारीमा पुगेको पाइन्छ। मृत्युका सूचकहरूमा सुधार अझ उल्लेखनीय छ। सन् १९९६ मा प्रतिहजार जीवित जन्ममा ७८ रहेको शिशु मृत्युदर २०२२ सम्ममा २८ मा झरेको छ भने स्वास्थ्य क्षेत्रमा आएको प्रगतिले पाँच वर्षमुनिको बाल मृत्युदर ११८ बाट ३३ मा पुगेको छ। यसको सोझो अर्थ हो कम बच्चा जन्मन्छन् र अधिकांश जन्मेका बच्चा बाँच्छन्, हुर्कन्छन् र श्रमशक्तिमा प्रवेश गर्छन्।

जन्म र मृत्युदरमा आएको गिरावटका पछाडि केही महत्त्वपूर्ण सामाजिक परिवर्तनका आधार छन्। परिवार नियोजनका साधनको प्रयोग विवाहित महिलामा ५७ प्रतिशत पुगेको छ। छोरीहरूको विद्यालय भर्ना छोराहरूकै हाराहारीमा छ र महिलाको औसत विवाह उमेर क्रमशः ढिला हुँदै गएको छ। उच्च शिक्षा र आयआर्जनमा संलग्न महिलाले सानो परिवार रोज्ने विश्वव्यापी प्रवृत्तिसँग नेपाल पनि सँगसँगै उस्तै गतिमा हिँडिरहेको छ।

सन् २००२ मा गर्भपतनलाई कानुनी मान्यता दिइएपछि प्रजनन् स्वास्थ्य सेवामा पहुँच फराकिलो भएको छ र वैदेशिक रोजगारका कारण दम्पती वर्षौं अलग बस्नुपर्ने बाध्यताले जन्मदर घट्नुमा महत्त्वपूर्ण भूमिका खेलेको तथ्यहरूले स्पष्ट पार्छन्। समग्रतामा स्वास्थ्य सेवामा पहुँच र महिला सशक्तीकरण नै जन्म र मृत्युदर न्यूनीकरणका मुख्य कारणको रूपमा लिइन्छ।

मुलुकको कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगे पनि वार्षिक वृद्धिदर ०.९२ प्रतिशतमा खुम्चिएको छ, जुन विगत ८० वर्षयताकै न्यून हो। रामेछापलगायत ३४ वटा जिल्लाको जनसंख्या त ऋणात्मक दरले घटिरहेको छ। जनसंख्याको उमेर संरचना युवामुखीबाट क्रमशः प्रौढमुखी हुँदै गइरहेको छ र यही परिवर्तनका बीचमा छ, नेपालको ऐतिहासिक अवसर।

### इतिहासकै अनुकूल उमेर संरचना

राष्ट्रिय जनगणना २०७८ का अनुसार, कूल जनसंख्याको ६२ प्रतिशत १५ देखि ५९ वर्षका काम गर्ने उमेर समूह जनसंख्या छ। जुन २०६८ सालमा ५७ प्रतिशतमात्र थियो। बालबालिका २७.८ प्रतिशत र वृद्धवृद्धा १०.२ प्रतिशत छन्। यसको अर्थ, इतिहासमै पहिलोपटक कमाउने उमेरका मानिस आश्रितभन्दा उल्लेख्यरूपमा बढी छन्। जनसंख्या अध्ययनमा यसैलाई जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेण्ड) भनिन्छ। यो लाभांशले अर्थतन्त्रलाई चार प्रमुख माध्यमबाट विकास गर्न सकिन्छ। पहिलो, श्रमशक्तिको प्रचुर आपूर्तिले उत्पादन र सेवा क्षेत्र विस्तार हुन्छ। दोस्रो, आश्रित जनसंख्या कम हुँदा परिवार र राष्ट्रकै बचत दर बढ्छ, जसले पुँजी निर्माणलाई टेवा दिन्छ। तेस्रो, थोरै बालबालिकामा प्रतिव्यक्ति शिक्षा-स्वास्थ्य लगानी बढाउन सकिन्छ, जसले अर्को पुस्ताको उत्पादकत्व वढाउँछ। र चौथो, कमाउने जनसंख्याले आन्तरिक बजार, उद्यमशीलता र नवप्रवर्तनलाई गति दिन्छ।

१० वर्षअघि १०० जना काम गर्ने उमेरका नेपालीले करिब ७६ जना आश्रित जनसंख्या पाल्नुपर्थ्यो, आज त्यो भार घटेर ५३ जनाको हाराहारीमा झरेको छ। घट्दो आश्रित अनुपातको यही अन्तर नै त्यो ‘बोनस’ हो, जसलाई सही नीतिले पुँजीमा बदल्न सकिन्छ। जनसांख्यिक लाभांश स्वचालित होइन र ठीक ढंगले व्यवस्थापन गर्न सकिएन भने यो एउटा चेतावनी पनि हो। अनुकूल उमेर संरचना केवल सम्भावना हो र त्यसलाई प्रतिफलमा बदल्न ती हातहरूलाई सीप, ती सीपलाई रोजगारी र ती रोजगारीलाई उत्पादकत्वसँग जोड्नैपर्छ।

बेरोजगार युवाको भीड लाभांश होइन, बरु जोखिम हो जसले अर्थतन्त्र होइन, असन्तोषमात्र बढाउँछ। यो कुनै सैद्धान्तिक बहस होइन। दक्षिण कोरिया, ताइवान र सिंगापुरले सन् १९७० र ८० को दशकमा ठीक यस्तै उमेर संरचना पाएका थिए र त्यसलाई गुणस्तरीय शिक्षा, औद्योगिकीकरण र रोजगारी सिर्जनासँग जोडेर ‘दक्षिण-पूर्वी एसियाली चमत्कार’ रचेका थिए। अर्थशास्त्रीहरूका अनुसार ती मुलुकको तीव्र आर्थिक वृद्धिको झण्डै एकतिहाइ हिस्सा जनसांख्यिक लाभांशकै देन थियो। नेपालसँग आज त्यही सामर्थ्य छ। फरक यत्ति हो कोरियाले आफ्ना युवालाई कारखाना र प्रयोगशालामा खटायो, हामी विमानस्थलबाट बिदाइ गरिरहेका छौं।

### जेट चढेर विदेशतिर जनसांख्यिक लाभांश

नेपालको जनसांख्यिक सामर्थ्यको सबैभन्दा ठूलो विडम्बना यहीँ छ। जुन उमेर समूहका कारण मुलुक अवसरको शिखरमा हुनुपर्ने हो, त्यही उमेर समूह मुलुकभित्र छैन। जनगणना २०७८ का अनुसार २१ लाख ९० हजार ५९२ नेपाली परिवारमा अनुपस्थित भई अक्सर विदेशमा बसोबास गर्छन्। कूल जनसंख्याको साढे सात प्रतिशत हाराहारी अनुपस्थितको संख्या रहेको छ। यीमध्ये ८२.२ प्रतिशत पुरुष छन् र अधिकांश उत्पादनशील उमेरका छन्। हरेक साढे चार परिवारमध्ये एक परिवारको कोही न कोही सदस्य विदेशमा छन्। अन्तर्राष्ट्रिय बसाइँसराइको प्रवाह रोकिने छाँट छैन, बरु बढिरहेको छ।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँच लाख पाँच हजार ९५७ जनाले नयाँ र तीन लाख ३३ हजार ३०९ जनाले पुनः श्रम स्वीकृति लिएका थिए भने विगत पाँच वर्षमै ३५ लाखभन्दा बढीले श्रम स्वीकृति लिइसकेका छन्। गन्तव्यमा युएई, साउदी अरब, कतार, कुवेत र मलेसिया अग्रस्थानमा छन्। यो सँगै शैक्षिक उन्नयनका नाममा अस्ट्रेलिया, जापान, क्यानडा र युरोपतर्फ बाहिरिने विद्यार्थीको लर्को छुट्टै छ। यसमध्ये ठूलो हिस्सा फर्कने सम्भावना कम छ। उता विदेसिने महिलाको संख्या पनि एक दशकमा ७१ प्रतिशतले बढेको जनगणनाले देखाउँछ।

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार चालु आवको फागुनसम्म नयाँ श्रम स्वीकृति लिनेको संख्या १३.७ प्रतिशतले घटेको छ, तर पुनःस्वीकृति लिनेको संख्या भने १५.९ प्रतिशतले बढेको छ। यसको अर्थ आप्रवासनको प्रवाह रोकिएको होइन बरु एकपटक गएकाहरू फर्केर स्वदेशमा बस्ने वातावरण पाइरहेका छैनन्। फेरि उतै फर्किरहेका छन्। वैदेशिक रोजगार अब आपत्कालीन विकल्प रहेन, पुस्तान्तरित जीवनपद्धति बन्दै छ। यसको आर्थिक प्रतिफल भने अंकमा चम्किलो देखिन्छ।

नेपाल राष्ट्र बैंकका अनुसार आव २०८१/८२ मा १७ खर्ब २३ अर्ब रूपैयाँ विप्रेषण भित्रियो, जुन कूल गार्हस्थ उत्पादनको २८.६ प्रतिशत हो र हालसम्मकै उच्च अनुपात मानिन्छ। चालु आवको १० महिनामै १९ खर्ब रूपैयाँ नाघिसकेको यो आर्थिक प्रवाहले नेपाललाई विप्रेषण-जिडिपी अनुपातमा विश्वकै अग्रणी १० देशमा उभ्याएको छ। विप्रेषणले गरिबी घटाएको, विदेशी मुद्रा सञ्चिति बलियो बनाएको र लाखौं घरपरिवारको भान्सा चलाएको यथार्थलाई नकार्न सकिँदैन तर विप्रेषण भनेको युवा श्रमको निर्यातबापत् प्राप्त मूल्य हो। हामीले मेसिन बेचेका छैनौं, मान्छे पठाएका छौं। खाडीको घाममा पसिना बगाएर आएको त्यो रकमको ठूलो हिस्सा उपभोग र आयातमै सकिन्छ। उत्पादनशील लगानीमा रूपान्तरण हुँदैन। अर्थतन्त्रले उत्पादन गर्न होइन, उपभोग गर्न सिकाइरहेको छ।

### देशमै उपयोग गर्न नसकिएको शक्ति

युवा किन विदेश जान्छन् भन्ने प्रश्नको उत्तर सजिलो छ। यहाँ काम छैन, भए पनि मर्यादित छैन। श्रमबजारमा हरेक वर्ष लाखौं युवा थपिन्छन्, तर तिनलाई खपत गर्नेगरी औपचारिक रोजगारी सिर्जना हुन सकेको छैन। जनगणना २०७८ कै तथ्यांकले १० वर्षमाथिका ३७.५ प्रतिशत नेपालीले गणनाअघिको एक वर्षमा कुनै आर्थिक काम नगरेको देखाउँछ। जसले काम पाएका छन्, तिनको ठूलो हिस्सा न्यून उत्पादकत्वको अनौपचारिक क्षेत्रमा अल्झिएको छ। समस्या रोजगारीको संख्यामामात्र होइन, गुणस्तर र तालमेलमा पनि छ।

विश्वविद्यालयले बर्सेनि हजारौं स्नातक उत्पादन गर्छ, तर श्रमबजारले खोजेको सीप ती प्रमाणपत्रमा हुँदैन। कृषि आधुनिकीकरण हुन सकेको छैन र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदो छ। दक्ष जनशक्तिजस्तै चिकित्सक, नर्स, इन्जिनियर, सूचना प्रविधिविज्ञको पलायनले त सेवा प्रवाह र नवप्रवर्तन क्षमतामै नराम्रोसँग असर पुऱ्याएको छ। गाउँघरमा यसको सामाजिक पक्ष अझ कारुणिक छ जस्तैः बाँझा गरा, बूढाबूढी र बालबालिकामात्र भएका बस्ती, वर्षौं पर्खाइमा बित्ने दाम्पत्य र बाकसमा फर्किने छोराछोरीहरू।

पलायनको मूल्य पैसाले नाप्न नसकिनेगरी पनि तिरिँदै छ। वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने र अंगभंग हुने कामदारका तथ्यांक हरेक वर्ष वैदेशिक रोजगार बोर्डका प्रतिवेदनमा थपिँदै जान्छन्। एकल अभिभावकत्वको भारले किचिएका आमाहरू, बाबुको अनुहार तस्बिरमामात्र चिन्ने बालबालिका र सामाजिक विग्रहका अनेक रूप यी विप्रेषणको अंकमा कहीँ लेखिँदैनन्। जुन गाउँका युवा खाडी गए, त्यही गाउँका पाखा बाँझा भए, खाद्यान्नमा आत्मनिर्भर जिल्लाहरू चामल किन्ने भए। श्रमशक्तिको यो रिक्तताले कृषिको उत्पादन लागत बढाएको छ र त्यसले फेरि आयातलाई नै मलजल गरेको छ।

अर्थशास्त्रमा यसलाई ‘डच रोग’ को लक्षणसँग तुलना गरिन्छ। बाहिरबाट आउने सजिलो पैसाले भित्रको उत्पादन क्षमतालाई निमोठ्दै लैजाने अवस्था देखिन्छ। विप्रेषणले चलेको उपभोगमुखी अर्थतन्त्रले आयात बढाउँछ, आयातले व्यापार घाटा, र त्यो घाटा टार्न फेरि थप युवा पठाउनुपर्ने बाध्यता। यो दुश्चक्रबाट मुलुक बाहिर निस्कन सकेको छैन। जनसांख्यिक लाभांशको दृष्टिले हेर्दा यो अवस्था अवसरको सोझो क्षय हो। हामीले आफ्नो सबैभन्दा मूल्यवान् स्रोत अरूका अर्थतन्त्र निर्माणमा लगाइरहेका छौं र बदलामा ज्याला भित्र्याइरहेका छौं।

### दोस्रो संक्रमणको संघारमा नेपाल

जनसांख्यिकी आयमको अझ गम्भीर पाटो अगाडि देखिन्छ। प्रतिस्थापन तहमा झरेको प्रजनन दर, ढिलो हुँदै गएको विवाह, सानो परिवारको रोजाइ, २७ प्रतिशत नाघेको सहरी बसोबास र फेरिँदो जीवनशैली आदिलाई जनसंख्याशास्त्रीहरू ‘दोस्रो जनसांख्यिक संक्रमण’ का लक्षण मान्छन्। जहाँ प्रजनन दर प्रतिस्थापन तहभन्दा तल झरेर लामो समय उठ्दैन। युरोप, जापान र दक्षिण कोरिया यही बाटो हिँडेर आज श्रमशक्ति अभाव र वृद्ध हेरचाहको संकटसँग जुधिरहेका छन्।

जापानले वृद्ध हेरचाहमा रोबोट भित्र्याउनुपरेको छ भने कोरियाले जन्मदर उकास्न खर्बौं खर्चेर पनि सफलता पाएको छैन। फरक के भने, ती मुलुक धनी भइसकेपछि बूढा भए। तिनीहरूसँग वृद्ध समाज धान्ने पुँजी, प्रविधि र संस्थागत क्षमता छ। नेपाल भने धनी हुनुअघि नै बूढो हुने जोखिममा छ, जसलाई विकास अर्थशास्त्रीहरू सबैभन्दा प्रतिकूल जनसांख्यिक नियति मान्छन्।

राष्ट्रिय तथ्यांक कार्यालय र संयुक्त राष्ट्रसंघीय निकायहरूका जनसंख्या प्रक्षेपणले नेपालको जनसांख्यिक अवसरको झ्याल सन् २०४७ को हाराहारीसम्ममा क्रमशः बन्द हुँदै जाने देखाएका छन्। अर्थात्, हामीसँग बढीमा दुई दशकजति मात्र छ। त्यसपछि ६० वर्षमाथिको जनसंख्याको अनुपात, जुन अहिले नै १०.२१ प्रतिशत पुगिसकेको छ, तीव्र गतिले बढ्ने छ। स्वास्थ्य सेवा, हेरचाह अर्थतन्त्र र सामाजिक सुरक्षाभत्तामा राज्यको दायित्व चुलिँदै जाने छ, तर त्यो दायित्व धान्ने करदाता युवा या त विदेशमा हुने छन्, या जन्मिएकै हुने छैनन्। न्यून प्रजनन र निरन्तर पलायन सँगसँगै भोलि नेपाल आफैंले श्रमिक आयात गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न। केही क्षेत्रमा त्यसका संकेत अहिल्यै देखिन थालेका छन्।

यो परिदृश्य टार्न सकिन्छ, तर नीतिगत साहस चाहिन्छ। पहिलो, शिक्षालाई सीप र बजारसँग जोड्ने आमूल सुधार चाहिन्छ, ताकि स्नातकको प्रमाणपत्र विदेश जाने हतियारमात्र नबनोस्। प्राविधिक तथा व्यावसायिक शिक्षालाई हेपिएको विकल्पबाट प्रतिष्ठित मूलधार बनाउन प्रदेश र स्थानीय तहसम्मै लगानी विस्तार गर्नुपर्छ। दोस्रो, नीतिगत स्थिरता, सरल प्रशासनिक प्रक्रिया र पूर्वाधारको सुनिश्चितसहित स्वदेशमै मर्यादित रोजगारी सिर्जना गर्न ऊर्जा, पर्यटन, कृषि प्रशोधन र सूचना प्रविधिजस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानीमैत्री वातावरण बनाउनुपर्छ।

जलविद्युत्मा भइरहेको प्रगति र सूचना प्रविधि सेवा निर्यातको बढ्दो आकारले यो असम्भव छैन भन्ने देखाइसकेका छन्। तेस्रो, फर्केका आप्रवासी कामदारको सीप, पुँजी र अनुभवलाई उद्यमशीलतामा रूपान्तरण गर्ने पुनःएकीकरण नीति कागजबाट कार्यान्वयनमा झार्नुपर्छ। विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीतर्फ डोऱ्याउन आकर्षक वित्तीय उपकरणजस्तो डायस्पोरा बण्ड, विप्रेषण-आबद्ध सेयर योजना अघि सार्नुपर्छ। र चौथो, भोलिको बुढ्यौली समाजका लागि योगदानमा आधारित दिगो सामाजिक सुरक्षा र हेरचाह प्रणालीको जग अहिल्यै बसाल्नुपर्छ किनभने वृद्धभत्ताको वर्तमान ढाँचा मात्रले त्यो भार धान्न सकिँदैन।

### अन्तिम मौका

तथ्यांकहरू आफैं बोलिरहेका छन्। काम गर्ने उमेरको जनसंख्या ६२ प्रतिशत पुगेको, प्रजनन् दर प्रतिस्थापन तहमा झरेको र वृद्धिदर ८० वर्षयताकै न्यून रहेको मुलुकसँग जनसांख्यिक अवसरको यो आकार फेरि कहिल्यै आउने छैन। इतिहासले कुनै पनि राष्ट्रलाई यस्तो जनसांख्यिक लाभको झ्याल एकपटक मात्र दिन्छ। दक्षिणपूर्वी एसियाले त्यसलाई समृद्धिको अवसरमा परिणत गऱ्यो। ल्याटिन अमेरिकाका कतिपय मुलुकले गुमाएर पछुताइरहेका छन्। नेपाल अहिले ठीक त्यही दोबाटोमा उभिएको छ। यहाँनेर नीति निर्माताले बुझ्नैपर्ने कुरा के हो भने जनसांख्यिक नीति भनेको जनसंख्या मन्त्रालयको फाइलमा सीमित हुने विषय होइन। यो शिक्षा, श्रम, उद्योग, अर्थ र सामाजिक सुरक्षा सबैलाई एकसूत्रमा बाँध्ने राष्ट्रिय रणनीतिको विषय हो।

१५औं र १६औं योजनादेखि सरकारका नीति तथा कार्यक्रमसम्म ‘जनसांख्यिक लाभांश’ शब्द दोहोरिँदै आएको छ, तर त्यसलाई कार्यान्वयनमा उतार्ने मापनयोग्य लक्ष्य, जिम्मेवार निकाय र जवाफदेहिताको संयन्त्र अझै बनेको छैन। शब्द नीतिमा छ, संकल्प बजेटमा छैन। रोज्ने हामीले नै हो। कि त आगामी दुई दशकलाई राष्ट्रिय संकल्पका साथ शिक्षा, रोजगारी र लगानीको दशक बनाएर आजको युवा शक्तिलाई समृद्धिको इन्जिनमा बदल्ने, कि त विमानस्थलको प्रस्थान कक्षको लाइन हेर्दै विप्रेषणको अंक गन्ने। पहिलो बाटो कठिन छ, तर सम्भव छ। दोस्रो बाटो सजिलो छ, तर त्यसको अन्त्यमा एउटा यस्तो नेपाल पर्खिरहेको छ जुन धनी हुनुअघि नै बूढो भइसकेको हुने छ। सुनौलो झ्याल अझै खुलै छ तर घाम ढल्कन थालिसकेको छ। *रासस*

***(लेखक त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक हुन्)***



**कालिकेघाट पुल** | भोजपुर र संखुवासभालाई जोड्ने अरुण नदी माथि निर्माण गरिएको कालिकेघाट पक्की पुल । यो पुलले यहाँका उत्तरी क्षेत्रका नागरिकलाई आवतजावतमा सहजता थपेको छ । *तस्विरः रासस*

# गण्डकीमा गाँजाखेती गर्ने कानुनी बाटो खुल्यो, घरेलु मदिरालाई पनि कानुनी मान्यता

■ **राम थापा**



**गण्डकी–** घरेलु मदिरासम्बन्धी ऐन बनेको झण्डै एक वर्षपछि गण्डकी प्रदेशसभाबाट गाँजाखेतीलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक बिहीबार पारित भएको छ । यससँगै गण्डकी प्रदेशमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेती गर्ने कानुनी बाटो खुलेको छ । घरेलु मदिरालाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक गत वर्ष साउनमा प्रदेशसभाबाट पारित भएकामा सोसम्बन्धी नियमावाली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृतिको प्रक्रियामा छ ।

यी दुवै विधेयक लामो समयदेखि बहसमा रहँदै आएका थिए । प्रदेश सरकारले महत्त्वका साथ घोषणा गरेका तर संशयका साथ हेरिएको गाँजाखेती र घरेलु मदिराले अन्ततः गण्डकी प्रदेशमा कानुनी मान्यता पाएको हो । कानुन बने पनि तिनको कार्यान्वयन कसरी हुन्छ भन्ने जनचासोको विषय बनेको छ ।

प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका उपसचिव टीकाराम पौडेलले घरेलु मदिरासम्बन्धी ऐनको नियमावली मन्त्रिपरिषद्मा पुगेको बताए । 'मन्त्रिपरिषद्को आगामी बैठकबाट नियमावली स्वीकृत हुन्छ, त्यसपछि कानुन कार्यान्वयनका लागि थप सहज अवस्था बन्छ,' उनले भने, 'ऐनले परिकल्पना गरेका प्रावधान र केही संरचनागत व्यवस्था गर्नुपर्ने छ, नियमनको पाटोलाई ऐनले बढी जोड दिएको छ ।'

गाँजाखेतीसम्बन्धी विधेयकको नियमावली निर्माण यथाशीघ्र सुरु हुने उपसचिव पौडेलले बताए । दुवै विधेयक उद्योग तथा पर्यटन, स्वास्थ्य मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित छन् । प्रदेश सरकारले विगत केही वर्षदेखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत गाँजाखेती र घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गर्दै आएको थियो ।

प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले ऐन बनेकाले अब नियमावली र कार्यविधि बनाएर यससम्बन्धी कानुन कार्यान्वयनलाई अगाडि बढाइने बताए । 'गाँजाखेती र घरेलु मदिरालाई ब्राण्डिङ र बजारीकरण गर्न सकियो भने प्रदेश सरकारले ठूलो राजस्व प्राप्त गर्छ, सँगसँगै प्रदेशभित्र आर्थिक गतिविधि बढ्छ, रोजगारी सिर्जना हुन्छ,' उनले भने ।

मन्त्री शेरचनले संघीय कानुनसँग बाझिने अवस्था भएमा संघ सरकारले नै यससम्बन्धी कानुन बनाएर सहजीकरण गर्नुपर्ने बताए । सम्बन्धित क्षेत्रका विज्ञलगायत सरोकार भएका पक्षहरूबीच पटक-पटक छलफल तथा परामर्श गरी कानुन निर्माण गरिएको उनले उल्लेख गरे । सेवनका लागि नभई गाँजाको औद्योगिक र औषधिजन्य उत्पादनलाई मात्र वैधता दिनेगरी प्रदेश सरकारले कानुन ल्याएको उनले जानकारी दिए ।

लागुऔषधसम्बन्धी संघीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी कानुन निर्माण गरिएको प्रदेश सरकारको दाबी छ । गाँजाखेतीसम्बन्धी विधेयकमा कडा प्रावधान राखिएको जनाइएको छ । प्रदेश सरकारबाट इजाजत लिएरमात्र गाँजाखेती गर्न पाइने प्रावधान राखिएको छ । प्रतिव्यक्ति निवेदन दस्तुरको पाँच हजार रूपैयाँदेखि खरिद बिक्रीसँगै आयात निर्यातका लागि एक करोड ५० लाख रूपैयाँसम्म तिरेर अनुमति लिनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ ।

अनुमतिविना गाँजाखेती, ओसारपसार र बिक्री वितरणमा पूर्णप्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेल, महलजस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि छुट्टै संयन्त्र निर्माण हुनेछ । विधेयकमा सरकारले तोकेको क्षेत्रमा गाँजाखेती गर्न पाइने प्रावधान छ । गाँजाको बोटमा पाइने नशालु पदार्थ 'टिएचसी' को मात्रा ०.३ प्रतिशतभन्दा कम हुनुपर्ने व्यवस्था छ ।

गाँजाखेती गर्न चाहने व्यक्ति वा संस्थाले अनिवार्यरूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको मन्त्री शेरचनले जानकारी दिए । उनका अनुसार गाँजाको बोट कटान र बिक्री गर्नुअघि त्यसको रासायनिक परीक्षण गर्नुपर्ने व्यवस्था विधेयकमा छ । प्रदेश सरकारले गत कात्तिकमा यो विधेयक प्रदेशसभामा दर्ता गराएको थियो । अर्थ तथा विकास समितिमा यो विधेयकमाथि ११ वटा बैठकमा छलफल भएको थियो । गाँजाको व्यावसायिक खेती गर्न सरकारसँग पूर्वसहमति, तयारी उत्पादन किन्ने उद्योगको सहमतिसहित अनुगमनका कडा प्रावधानहरू राखिएका छन् ।

अनुमति नलिई गाँजाखेती गरेमा, नियमविपरीत बिक्री, वितरण गरेमा, अनुमतिपत्रमा भएको जग्गा र क्षेत्रफलभन्दा पृथक ठाउँमा खेती गरेमा लागुऔषधसम्बन्धी प्रचलित कानुनबमोजिम कारबाही गर्ने विधेयकमा व्यवस्था छ । खेतीको अभिलेख नराखेमा, सिलबन्दी नगरी ओसारपोसार गरेमा, ऐनले तोकभन्दा फरक काम गरेमा ५० हजारदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था ऐनमा छ ।

लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई पनि नियमन तथा व्यवस्थापन गर्न कानुन निर्माण गरिएको प्रदेश सरकारले जनाएको छ । घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणका लागि कानुनी प्रबन्ध गरिएको हो । मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न लागिएको हो । परम्परागतरूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याउन लागिएको उद्योग तथा पर्यटन मन्त्रालयले जनाएको छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने विश्वास गरिएको छ ।

केही वर्षअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो । प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा संकलन गरेर रासायनिक विश्लेषण गरिएको थियो । मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको थियो । ऐनमा घरेलु मदिरा उत्पादनका लागि प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ ।

व्यक्ति, फार्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, संकलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न मनाउने व्यवस्था गरिएको मन्त्री शेरचनले उल्लेख गरे । उनका अनुसार धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजतपत्र लिनु नपर्ने व्यवस्था ऐनमा छ । उद्योग दर्ता गराउन स्थानीय तहको सहमति, स्थान, आवश्यक पर्ने भाडा, उपकरण, अन्न तथा फलफूलजस्ता कच्चापदार्थको आपूर्ति गर्ने क्षेत्र उल्लेख गर्नुपर्ने ऐनमा व्यवस्था छ ।

घरेलु मदिरालाई गण्डकी प्रदेशभित्रका कृषि सहकारीले दर्ता गर्न सक्ने छन् । मदिरामा अन्य मिसावट गर्न नपाइने स्पष्ट व्यवस्था विधेयकले गरेको छ । कोदो, फापर, उवा, जौ, गहुँ, मकै, स्याउ, सुन्तला, खुर्पानी, मौवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, डिम्बरलगायत अन्न र फलफूलबाट मदिरा बनाउन सक्ने व्यवस्था गरिएको मन्त्री शेरचनले जानकारी दिए ।

जनजाति समुदायमा सामाजिक संस्कारमा प्रयोग हुँदै आएको घरेलु मदिरालाई कानुनी दायरामा ल्याएर प्रदेश सरकारले संस्कृति र परम्पराकोसमेत सम्मान गरेको प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले बताए । दुवै ऐन कार्यान्वयनमा ल्याई गाँजाखेती र घरेलु मदिरालाई व्यावसायिक बनाउन सकिएमा आर्थिकरूपमा प्रदेश सरकार र नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने उनको भनाइ छ । *रासस*

# हिंसापीडितका लागि वरदान बन्दै 'ओसिएमसी'

**देउखुरी (दाङ)–** दाङकी एक ३६ वर्षकी महिलालाई आफ्नै श्रीमान्ले अनेकौं आरोप लगाइ रातिको समयमा कुटपिट गरे । सामान्य विवाद हुँदा पनि श्रीमान्ले मादकपदार्थ सेवन गरी उनलाई कुटपिट गर्दथे । अरु समयमा भन्दा बढी कुटपिट गरी घाइते बनाएपछि छिमेकीको सहारामा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) मा उनी गइन् ।

छिमेकीले त्यहाँ नपुऱ्याएको भए के हुन्थ्यो भन्न सकिने अवस्था नरहेको उनी बताउँछिन् । तीन महिनाको उपचारपछि उनी पूर्णरूपमा निको भएकी छन् । त्यहाँस्थित अस्पतालका स्वास्थ्यकर्मीले उपचारको साथमा मनोपरामर्श दिएपछि आफूले पुनःजीवन पाएको उनले बताइन् ।

लमही नगरपालिकाकी एक महिला बलात्कारको शिकार भइन् । उनी पनि ओसिएमसीमा सेवा लिएर अहिले घरमा गएकी छन् । औषधि उपचार खर्च सबै निःशुल्क पाएपछि उनले त्यहाँको सेवा राम्रो लागेको बताइन् । स्वास्थ्यकर्मीले गर्ने बोली व्यवहारले पनि पीडा बिर्साउन सहयोग गरेको उनको भनाइ छ ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको अस्पतालमा हिंसापीडित महिलाको लागि वरदान बनेको छ । उक्त केन्द्रले गएको एक वर्षमा २२३ जना हिंसा प्रभावितलाई सेवा उपलब्ध गराएको छ । ओसिएमसीले चालु आर्थिक वर्ष २०८२/८३ मा हिंसाप्रभावित २२३ जनालाई उपचार, मनोसामाजिक सेवा, कानुनीलगायत एकीकृत सेवा प्रदान गरिएको ओसिएमसी दाङकी सम्पर्क व्यक्ति मीना डिसीले जानकारी दिइन् ।

त्यसमध्ये २२१ महिला र दुई पुरुष छन् । ओसिएमसीले एक वर्षमा बलात्कारमा परेका ५७ जना, यौन दुर्व्यवहारमा परेका २१ जना, शारीरिक दुर्व्यवहारमा परेका ८९ जना, मानसिक दुर्व्यवहारमा परेका ३७ जना र अन्य १९ जनालाई सेवा दिएको जनाएको छ । *रासस*

# मुस्ताङको स्याङ र मार्फा खोलामा नदी उकास घटाइँदै



**मुस्ताङ–** मुस्ताङको स्याङ र मार्फा खोलामा बिहीबारदेखि नदी उकास घटाउन थालिएको छ । कोरलानाका जोड्ने स्याङ खोला पुलमा बर्सेनि नदी उकास बढ्न थालेपछि पुल, बस्ती र खेतीयोग्य जमिन जोखिममा पर्न थालेसँगै स्याङ खोलामा नदी नियन्त्रणका लागि उकास घटाउने काम सुरु गरिएको हो ।

संरक्षण क्षेत्र व्यवस्थापन समिति (मार्फा)को पहलमा घरपझोङ गाउँपालिका-३ स्थित स्याङ खोलामा च्यानालिङ (उकास घटाउने काम) थालिएको हो । संरक्षण व्यवस्थापन समिति (मार्फा)ले चालु आर्थिक वर्ष मार्फा र स्याङ खोलामा नदी नियन्त्रणका लागि एक/एक लाख रूपैयाँ बजेट विनियोजन गरिएपछि उक्त स्थानमा नदी उकास घटाउन च्यानालिङको काम सुरु गरिएको संरक्षण व्यवस्थापन समितिका अध्यक्ष आसबहादुर थकालीले जानकारी दिए ।

कोरला सडकअन्तर्गत घरपझोङ-२ स्थित मार्फा र घरपझोङ-३ स्याङ खोलामा बर्सेनि नदीजन्य पदार्थ ढुंगा, गिटी, बालुवा र ग्रेगान थुप्रिएर नदी उकास बढेकाले पुलको भौतिक संरचना, आसपासका बस्ती र खेतीयोग्य जमिन जोखिममा पर्न थालेको उनले उल्लेख गरे ।

समितिका अध्यक्ष थकालीका अनुसार स्याङ खोलाको धारलाई नियन्त्रणमा राख्ने उद्देश्यले गरिएको च्यानालिङका लागि संरक्षण क्षेत्र व्यवस्थापन समितिले इन्धनको व्यवस्था गरेको छ भने अमित बिल्डर्स र ङुटुक गुरुङ (टाइगर)ले निःशुल्क दुई वटा स्काभेटर (डोजर) उपलब्ध गराएका छन् । कोरला नाका जोड्ने स्याङ पुल क्षेत्रको तल र माथि गरी करिब ५०० मिटर दूरीमा दुईतर्फी खोलालाई च्यानालिङ गरिएको उनले जानकारी दिए ।

मुस्ताङमा कालीगण्डकी नदी तथा शाखा नदीहरूमा नदीजन्य पदार्थ बर्सेनि थुप्रिँदा यहाँका सडक, पुलपुलेसा, बस्ती र खेतीयोग्य जमिन कटानको उच्च जोखिममा पर्ने गरेका छन् । प्राकृतिक स्रोत ढुंगा, गिटी, बालुवाको समुचित उत्खनन तथा व्यवस्थापन नहुँदा कालीगण्डकी नदी र शाखा नदीको जोखिम बढ्दै जान थालेको समितिका अध्यक्ष थकालीले बताए ।

पुल, बस्ती र खेतीयोग्य जमिन संरक्षण गर्न घरपझोङ गाउँपालिकाले २० लाख रूपैयाँ बजेट विनियोज गरी नदी नियन्त्रण तथा ग्याबिन तटबन्ध निर्माण गरेको वडाध्यक्ष फलेन्द्रप्रसाद थकालीले जानकारी दिए । स्याङ खोलामाथि पक्की पुल रहेको स्थानमा १०० थान ग्याबिन वाल प्रयोग गरी ८०० मिटर दूरीमा तटबन्ध निर्माण गरिएको उनले उल्लेख गरे ।

उक्त खोलाको सुरुवाती गहिराई २५ मिटर रहेकामा बर्सेनि नदीजन्य गेग्रान भरिँदा हाल १५ मिटर उकास बढेको वडाध्यक्ष थकालीले जानकारी दिए । स्याङ र मार्फा खोलामा बर्सेनि आउने बाढीपहिरोका कारण पुलक्षेत्रको नदी उकास बढेको भन्दै यसले मार्फा र स्याङ गाउँका केही बस्ती र खेतीयोग्य जमिन नदी कटानको जोखिममा परेका उनले बताए ।

कालिगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले कालिगण्डकी नदी तथा शाखा नदीहरूमा नदीजन्य पदार्थको उकास भरिँदा सडक तथा पुलपुलेसा जोखिममा रहेका बताए । कोरला सडकअन्तर्गत छुसाङ, पाण्डा, मार्फा, स्याङ खोलालगायत स्थानमा नदी उकासले गर्दा सडक तथा पुल जोखिममा पर्ने गरेका उनको भनाइ छ ।

आयोजना प्रमुख शर्माले नदी उकासले जोखिममा परेका सडक तथा पुलपुलेसा रहेका स्थानमा प्रारम्भिक र दीर्घकालीन समाधानका योजना तयार गरी नदी नियन्त्रणसम्बन्धी कार्यक्रम कार्यान्वयनमा ल्याइने बताए ।

प्राकृतिक स्रोत ढुंगा, गिटी र बालुवाको समुचित व्यवस्थापन गरी नदी उकास घटाउन कानुनी र प्राविधिक जटिलता विद्यमान रहेका उल्लेख गर्दै उनले यसबारे सरोकार भएका निकायसँगको समन्वयमा प्राविधिक अध्ययन गरी तत्काल गर्न सकिने र दीर्घकालीन योजना अघि बढाउने लक्ष्य रहेको जानकारी दिए । *रासस*

# विपद् तयारीका लागि साढे दुई करोडभन्दा बढीका उपकरण हस्तान्तरण

**हेटौंडा (प्रस)–** बागमती प्रदेश सरकारले विपद्को पूर्वतयारीलाई सुदृढ बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई दुई करोड ४७ लाख १२ हजार रूपैयाँबराबरका उद्धार सामग्री तथा उपकरण हस्तान्तरण गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेपाली सेनालाई ७५ लाख ६२ हजार रूपैयाँ, नेपाल प्रहरीलाई ५४ लाख ६६ हजार रूपैयाँ र सशस्त्र प्रहरी बललाई एक करोड १६ लाख ८३ हजार रूपैयाँबराबरका विपद् पूर्वतयारीका सामग्री उपलब्ध गराए । हस्तान्तरण गरिएका सामग्रीमा अत्याधुनिक ड्रोन तथा बाढीबाट उद्धारका लागि आवश्यक उपकरण समावेश छन् ।

यसअघि मुख्यमन्त्री बानियाँले वर्षाजन्य तथा अन्य विपद्को पूर्वतयारी, राहत सामग्री व्यवस्थापन र सुरक्षा संयन्त्रको उच्च सतर्कताबारे नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूसँग छलफल गरेका थिए । सो अवसरमा उनले वर्षा सुरु भएसँगै बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले विपद् पूर्वतयारीलाई उच्च प्राथमिकतामा राखेको बताए ।

मुख्यमन्त्री बानियाँले विगतका विपद्बाट प्राप्त अनुभवका आधारमा सम्भावित जोखिमको पूर्वानुमान, राहत सामग्रीको व्यवस्थापन, सूचना प्रणालीको समन्वय र सुदृढीकरण तथा उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गरे । उनले प्रदेशभरका सम्भावित बाढी, पहिरो र डुबान प्रभावित क्षेत्रको अध्ययन भइरहेको जानकारी दिँदै विपद् व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाबीच सूचना आदानप्रदानलाई व्यवस्थित बनाइने पनि उनले जानकारी दिए ।

बागमती प्रदेश सरकारले नुवाकोट र हेटौंडा उपमहानगरपालिकाको थानाभऱ्याङमा विपद् व्यवस्थापनका लागि आवश्यक राहत सामग्री तथा उपकरण भण्डारण गरिएको जनाएको छ ।


**कतारमा रोजगार** कम्पनी : **ALHANOUF HOSPITALITY AND CLEANING**

पूर्व स्वीकृति मिति : २०८३/०३/२६ | LT. No. 344754 | चलानी नं. ६०२५८०५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Toilet Cleaner | 0 | 2 | 1000 | ४१,८४२ | का. नि. अनुसार | ८ घण्टा | ६ दिन | का. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 5 | 1000 | ४१,८४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ३ गते (19th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074

**C. D. HUMAN RESOURCES PVT. LTD.**

Sinamangal-9, Tara Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664, 9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४७०० | प्रति तोला – ० | प्रति तोला – ४३४० |



**ड्रागन खेती** | लमजुङको बेँसीसहर नगरपालिका–१० बाझाखेतमा स्थानीय युवाले व्यावसायिक रूपमा गरेको ड्रागन फल खेती । *तस्बिरः रासस*

# स्याउ निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य

■ प्रभाव संवाददाता

**कालीकोट–** कालीकोटको तिलागुफा नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य गरेको छ । स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण तथा निर्यात व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ ।

नगर क्षेत्रमा उत्पादित स्याउको गुणस्तर र स्वच्छता कायम गर्दै बजारमा तिलागुफाको स्याउको विश्वसनीयता जोगाउन सिफारिस अनिवार्य गरिएको हो ।

जिल्ला बाहिर स्याउ निर्यात गर्ने कृषक तथा व्यवसायीले नगरपालिकाले तोकेको मापदण्डअनुसार सिफारिस लिएर मात्रै स्याउ निकासी गर्न पाउने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद काफ्लेले बताए ।

'निर्यात प्रक्रियालाई व्यवस्थित बनाउन नगरपालिकाले तीन चरणको प्रक्रिया तय गरेको छ, जसको पालना कृषक र व्यवसायीले अनिवार्य रूपमा गर्नुपर्नेछ', उनले भने, 'स्याउ ढुवानी तथा निर्यात गर्नुभन्दा कम्तीमा तीन दिनअघि कृषक वा व्यवसायीले स्याउको परिमाण र निर्यात गन्तव्य स्पष्ट उल्लेख गरी नगरपालिकाको कृषि सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्नेछ ।' उनका अनुसार निवेदन दर्ता भएपछि नगरपालिकाका कृषि प्राविधिकले स्थलगत रूपमा स्याउको गुणस्तर, परिमाण तथा रोग वा किराको अवस्थाबारे अनुगमन र निरीक्षण गर्नेछन् ।

'प्राविधिक टोलीले तयार पारेको प्रतिवेदनका आधारमा नियमानुसारको राजस्व बुझाएपछि मात्रै कार्यालयबाट आधिकारिक निकासी सिफारिस पत्र प्रदान गरिनेछ', काफ्लेले भने, 'यस व्यवस्थाले तिलागुफाको पहिचान बनेको स्याउको बजार व्यवस्थापनलाई थप व्यवस्थित, गुणस्तरीय र व्यावसायिक बनाउन सहयोग पुग्नेछ ।'

तिलागुफा नगरपालिका कालीकोटको प्रमुख स्याउ उत्पादन क्षेत्र भएकाले यहाँ उत्पादित स्याउको गुणस्तर कायम राख्न नयाँ व्यवस्था लागू गरिएको कृषि विकास अधिकृत गोविन्द भट्टले बताए । 'नगरपालिकाबाट वार्षिक १० हजार क्विन्टलभन्दा बढी स्याउ निर्यात हुँदै आएको छ', उनले भने, 'जथाभावी निर्यात हुँदा बजारमा तिलागुफाको स्याउको गुणस्तर र छविमा असर पर्नसक्ने भएकाले गुणस्तर कायम राख्न अनिवार्य सिफारिसको व्यवस्था गरिएको हो ।'

# निस्क्रिय खाता न्यूनीकरण गर्न राष्ट्र बैंकको निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल राष्ट्र बैंकअन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीहरूलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो ।

राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ ।

त्यस्तै गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ ।

> इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरु सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहजरूपमा बन्द गर्नसक्ने

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमार्फत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरूपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ । राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ ।

## कर्पोरेट

### समृद्धि र पोखराको एकीकृत कारोबार शुभारम्भ




**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्स कम्पनी लि. र पोखरा फाइनान्स लि.बीच एक आपसमा गाभ्ने/गाभिने कार्य सम्पन्न भई शुक्रबारबाट पोखरा फाइनान्स लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु भएको छ ।

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेल, तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक विश्रुत थापाले संयुक्त रूपमा उद्घाटन गरे । पोखरा फाइनान्स लि.का निर्वतमान अध्यक्ष राज कुमार गुरुङले स्वागत मन्तव्य राख्दै मर्जरको आवश्यकता र औचित्यता माथि प्रकाश पारे । कार्यक्रममा नेपाल लघुवित्त बैंकर्श संघका अध्यक्ष राम बहादुर यादव, नेपाल वित्तीय संस्था संघका उपाध्यक्ष रजोज मान श्रेष्ठ, डेभलपमेण्ट बैंकर एशोसियसनका अध्यक्ष सुयोग श्रेष्ठ, नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइराला, बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठले समेत मर्जर सम्पन्न गरेकोमा दुवै संस्थालाई शुभकामना व्यक्त गरे ।

कार्यक्रममा प्रमुख अतिथिद्वय रामु पौडेल तथा विश्रुत थापाले नियामक निकायले वित्तीय संस्थाहरूको यस प्रकारको कदममा सहयोग गर्ने र आगामी दिनमा समेत संस्थाहरूलाई उचित मार्गनिर्देशन दिने प्रतिबद्धता व्यक्त गरे ।

संस्थाका अध्यक्ष अजय कुमार मिश्रले दुई संस्था मर्ज भई ठुलो भएको र अब सुदृढ एवं मजबुत संस्थागत सुशासन भएको बलियो वित्तीय संस्थाको रूपमा स्थापित गर्ने प्रतिबद्धता पेश गदै मर्जरमा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गरे ।

### सहकारीको पहलमा वातावरणमैत्री नमूना गाउँ

**कैलाली (प्रस)–** डडेल्धुराको आलीताल गाउँपालिका वडा नं. ८ स्थित डोलागाउँलाई आगामी दुई वर्षभित्र पूर्ण रूपमा 'वातावरणमैत्री नमूना गाउँ' का रूपमा विकास गरिने भएको छ । किसान बहुउद्देश्यीय सहकारी संस्थाले स्थानीय सरकार र गाउँबासीसँगको सहकार्यमा यो अभियान सुरु गरेको हो । 'प्रकृतिमै रमाऔँ, प्रकृतिमै कमाऔँ, वातावरणमैत्री डोला गाउँ मिलेर बनाऔँ' भन्ने नाराका साथ सुरु गरिएको यस कार्यक्रमका लागि प्रारम्भिक घरधुरी सर्वेक्षण सम्पन्न भइसकेको छ । १६५ घरधुरी रहेको यस गाउँलाई नमूना बनाउन संस्थाले सुदूरपश्चिम प्रदेश सरकार र आलीताल गाउँपालिकासँग सम्झौता समेत गरिसकेको छ ।

त्यस्तै अभियानकै कार्यक्रम स्वरूप संस्थाले डोलागाउँका स्थानीयलाई व्यावसायिक कफी उत्पादनसम्बन्धी व्यावहारिक तालिम प्रदान गरेको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको प्राविधिक सहकार्यमा डोलागाउँमा कफी खेतीको सम्भाव्यता अध्ययन र  तालिम पश्चात् शुक्रबार आयोजित एक कार्यक्रमका बीच प्रस्तावित नमूना गाउँका सदस्यहरूलाई निःशुल्क कफीका बेर्नाहरू वितरण गरिएको छ । बेर्ना वितरण कार्यक्रममा बोल्दै आलीताल गाउँपालिकाका अध्यक्ष शेरसिंह पार्की र उपाध्यक्ष मैनाकुमारी रावलले सहकारी संस्थाको यस उदाहरणीय कार्यको प्रशंसा गरे । उनीहरूले वातावरणमैत्री गाउँ विकासका लागि स्थानीय सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता दोहोऱ्याए ।



सम्झौता अनुसार वातावरणमैत्री गाउँ विकासका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा आलीताल गाउँपालिकाले बजेट विनियोजन गर्नेछ । यस्तै, सहकारी संस्थाले हरित कर्जा मार्फत कृषि तथा वातावरणमैत्री उद्यमशीलता प्रवर्द्धन गर्ने योजना अघि सारेको छ । संस्थाले स्थानीय उत्पादनको बजारीकरण, नमूना गाउँका सदस्यहरूलाई सहकारीको सेवा उपभोगमा विशेष अनुदान, कार्बन उत्सर्जन न्यूनीकरणका उपाय र सरसफाइ सामग्री तथा उपकरणहरू वितरण गर्नेछ । यसका साथै वृक्षारोपण, प्राकृतिक स्रोत संरक्षणमा स्थानीयको क्षमता अभिवृद्धि, र 'शून्य प्रदूषण, शून्य फोहोर' सम्बन्धी तालिम एवं सामुदायिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिने संस्थाले जनाएको छ ।

संस्थाका अनुगमन विभाग प्रमुख प्रकाश जिसीको अध्यक्षतामा सम्पन्न बेर्ना वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखाका कोषाध्यक्ष भक्तबहादुर गाहा, स्थानीय समाजसेवी रामचन्द्र पुन, संस्थाका सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# गर्मी छल्न पर्यटक बागलुङको रिग क्षेत्रमा

**ढोरपाटन–** हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ । जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ । यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ । गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन् ।

उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो । बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ । बागलुङको निसीखोला गाउँपालिका–६ मा पर्ने रिग ताल एक दशक अगाडिसम्म ओझेलमा थियो । तर पछिल्लो समय प्रचारप्रसार हुँदा पर्यटक आकर्षणको केन्द्र बनेको हो ।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको नजिकै पर्ने रिग क्षेत्रमा प्रकृतिसँगै गोठाले जनजीवन, हजारौं संख्याका वस्तुभाउ र वन्यजन्तुसँग रमाउन आउनेको संख्या बढी छ । बागलुङ, रोल्पा र पूर्वी रुकुम जिल्लाको संगमस्थल पातीहाल्नेदेखि १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने रिगतालसम्म सडक पनि पुगेको छ । जसले पर्यटकलाई सवारी साधानमै तालसम्म पुग्न सहज बनाएको छ ।

पछिल्लो सात वर्षमा रिग ताल क्षेत्रमा आउने पर्यटकको संख्या ह्वातै बढेको निसीखोला गाउँपालिका–६ का पूर्णबहादुर घर्ती मगरले बताए । पहिले गोठालाले चरन क्षेत्रका रूपमा प्रयोग गर्दै आएको रिगतालमा अहिले दैनिक पर्यटक आउने गरेका छन् ।  असारको पहिलो सातादेखि नै दैनिक एक सयभन्दा बढी पर्यटक रिग क्षेत्रमा आउने गरेको घर्ती मगरले सुनाए ।

उनले भने, 'सडकको विकासले गोठाला बस्ने ठाउँमा पर्यटक आउन थाले, पहिले त निसी, भल्कोट गाउँका गोठालाहरू भेडाबाखा, गाईभैंसी लिएर बर्खा भरि बस्ने ठाउँ हो, तर अहिले रिग डाँडाभरी मान्छेहरूको भिड लाग्छ, ठाउँ पनि राम्रो छ ।'

अरु बेलाभन्दा बिदाको दिन ५०० बढी पर्यटक रिग तालमा आउने गरेका घर्तीले जानकारी दिए । पर्यटकले गोठमै आएर दूध, दही र घ्यूसमेत खरिद गर्दा आम्दानी राम्रो हुने गरेको बताए । पर्यटकले प्लास्टिकका बोटल, बियरका सिसा र अन्य प्लास्टिकजन्य फोहोर जथाभावी गर्ने गरेको उनले गुनासो गरे ।

खासगरी बुटवल, दाङ, नेपालगञ्ज, चितवन, भैरहवा लगायतका ठाउँबाट पर्यटकहरू गर्मी छल्न यतिबेला रिगताल आउने गरेका छन् । नेपालगञ्जबाट घुम्न आएका रितेश ताम्राकारले तराईमा निकै गर्मी बढेको हुँदा एक साता सितल खोज्दै पहाड उक्लिएको बताए । पहाड आएको समयमा चौरीखर्क, ढोरपाटन, निसेलढो र रिगतलामा घुमेको उनले सुनाए ।

'तराईमा निकै गर्मी बढेको छ, यहाँको जस्तो सितल हावा पाउन त निकै गाह्रो पर्छ, यहाँको हावापानी धेरै राम्रो रहेछ, एकैछिन बस्यो भने जाडोले काप्ने अवस्था आउँछ,' उनले भने, 'गर्मी महिनाभरि यतै बसौँ जस्तो लाग्यो ।'

भैरहवाका प्रवेश पौडेलले पहाड घर गुल्मी आएको बेला साथीहरूसँग रिगताल घुम्न आएको बताए । भैरहवामा अत्यधिक गर्मी बढेको सुनाउँदै उनले रिगताल आएपछि यहाँको प्रकृति र हावापानीसँग रमाउँदै आनन्द आएको बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक